# सम विकास केन्द्र EDC नेपाल डोटी
# बार्षिक प्रगति प्रतिवेदन
# २०७६/०७७








ठेगाना : दि.सि.न.पा. ५ सिलगढी डोटी

फोन नं. ०९४-४११०५०/४१११८५,

इमेल : edcnepa2053@gmail.com

फेसवुक : EDC Nepal **वइभ** : edc.doti.org.np

# सम विकास केन्द्र (EDC) नेपाल डोटी
# बार्षिक प्रगती प्रतिवेदन
# २०७६/२०७७

१.संस्थाको परिचय :-

सम विकास केन्द्र (EDC) नेपाल, डोटी दलित, महिला सिमान्तकृत समुदायको हक,अधिकार र विकासको लागि प्रतिबद्ध भई २०५३ साल देखी डोटी जिल्लामा कृयाशिल रहदै आएको छ । समतामुलक समाजको स्थापनामा योगदान गर्ने परिकल्पनाका साथ अधिकारमुखि पद्धतिलाई आत्मासात गर्दै समाजको समृद्ध विकासका लागि संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्धेश्यका साथ संस्थाको प्रमुख मुल्य मान्यतालाई आत्मसाथ गरि सम विकास केन्द्र (EDC) नेपालले समुह, संगठन र संजाल निर्माण गरि अधिकारवाला समुदायको सशक्तिकरण, अभियान तथा पैरवीको माध्यमबाट अधिकारवालाको अधिकार प्राप्ती र प्राप्त अधिकारको संरक्षण र उपभोगका लागि आफना गतिविधिहरु विभिन्न साझेदार तथा दातृ निकायको सहयोग र सहकार्यमा संचालन गर्दे आएको छ । संस्थाले आफनो स्थापना काल देखी आजको अवस्था सम्म आई पुग्दा सामाजिक परिवर्तन तथा सामुदायिक विकासको क्षेत्रमा सकारात्मक उपलब्धि प्राप्त गर्नुका साथै उक्त क्षेत्रमा हाँसील गरेका अनुभव, सिकाई र आईपरेका समस्या तथा समाधानका अवसरको सहि रुपमा पहिचान तथा कार्यान्वयनमा सहयोग पुऱ्याउने विभिन्न सहयोगी हातहरुको समन्वय, सहकार्य र सहयोग निरन्तर रुपमा भई रहेको छ । जसले गर्दा संस्थाको उद्देश्य , लक्ष्य र परिकल्पना लाई मुर्तरुप दिनका साथै अधिकारवालाहरुको समग्र क्षेत्रको विकास गर्न विशेष गरि सामाजिक न्याय, सामाजिक समावेशिकरण, सुशासन प्रवर्द्धन, गरिवी, दिगो जिविकोपार्जन, आर्थिक सशक्तिकरण, गुणस्तरिय शिक्षा प्रवर्धन, महिलाको प्रजनन् स्वास्थ्य, विपद व्यवस्थापन, दिगो कृषिक लगायत स्थानिय संरचनामा अधिकारवालाको सहभागिता र प्रतिनिधित्वको सुनिश्चितता का लागी जनचेतना अभिवृद्धि , क्षमता विकास, स्थानिय स्तर देखीनै साझा पैरवी अभियान आदी क्षेत्रमा प्रमुख ध्यान दिनुको साथै सुचना र संचारको प्रभावकारी परिचालन गरि संस्थागत एंव कार्यक्रम र परियोजनाका गतिविधिहरु संचालन गरिर्दै आएको छ । सोही क्रममा विश्वमा नै महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड–१९) वाट नेपाल पनी प्रभावित भई त्यसको असर डोटी जिल्लामा पर्न गएको छ । विकासका गतिविधिहरुको कार्यान्वयनमा बाधक रहे पनी साझेदार तथा सहयोगी निकायको समन्वय र सहकार्यमा कोभिढ–१९ महामारीको विशम परिस्थितीमा संस्थाले परियोजना तथा कार्यक्रमका गतिविधिहरुमा समिक्षा र परिमार्जन गरि थप सहयोग क्षेत्रको कार्यान्वयन वाट लक्षित अधिकारवालाहरुका लागी सहयोग पुऱ्याउन कोरोना भाईरस (कोभिड १९) विरुद्धको प्रतिकार्य र मानविय सहायताका कार्यहरुलाई प्रभावकारी वनाउर्दै सुरक्षित रुपमा कार्य संचालन गरि रहेको छ ।

संस्थाले दलित अधिकार र छुवाछुत विरुद्धका अभियानका साथै स्थानिय सुशासन प्रवर्द्धन, नागरिक सहभागीता तथा जवाफदेहिता प्रवर्द्धन, गुणस्तरिय शिक्षाको प्रवर्द्धन, गरिबी निवारण, र विपद लगायत महामारीका सवालको क्षेत्रमा समेत केन्द्रित रही संचालित परियोजना तथा कार्यक्रम मार्फत स्थानिय अधिकारवाला समुदाय, स्थानिय तह वडा, पालिका नागरिक समाज संस्थाहरुको संस्थागत प्रवर्द्धन गर्दै जिल्लाको विकास कार्यमा महत्वपुर्ण योगदान पुऱ्याउर्दै आएको सत्यता र परिवेशलाई आत्मासात गरि सरोकारवालाको सुझाव तथा पृष्ठपोषण र लाई समावेश गरि आगामी वर्षका लागी मार्गदर्शन गरेका विषय वस्तु लाई समेटी आर्थिक बर्ष ०७६/०७७ यो बार्षिक प्रतिवेदन तयार गरिएको छ ।

२.सम विकास केन्द्र (EDC) नेपालको परिकल्पना, ध्येय र लक्ष्य :-

२.१.<u>परिकल्पना (Vision)</u> :- सामाजिक न्याय, समानतामा आधारित, शान्ति र छुवाछुत रहित समतामुलक समाजको स्थापना संस्थाको परिकल्पना रहने छ ।

२.२.<u>ध्येय (Mission) :-</u> दलित, महिला,सिमान्तकृत तथा पछाडि पारिएका वर्गहरुको शसक्तिकरण, सम्मानजनक जिवनयापन, अधिकार, सामाजिक न्याय र समताका लागि न्यायपुर्ण समाजको निर्माण गर्ने ।

२.४ लक्ष्य(Goal) :- विपन्न, दलित, महिला, बालबालिका, अपांगता, सिमान्तकृत एंव पछाडि पारिएका वर्ग, समुदायहरुको सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य,सांस्कृतिक एंव लैगिंक क्षेत्रको विकास गरि जीवन स्तरमा सुधार गर्नु ।

२.५. संस्थाको उद्धेश्य (Objective) :-

१) मानव अधिकार र सामाजिक न्याय सुनिश्चिताको लागि महिला, दलित र युवा समुदायलाई संगठित र सशक्त गरि एकिकृत आन्दोलनमुखि अभियानहरु संचालन गर्ने ।

२) दलित, विपन्न वर्ग समुदायका महिलाहरुलाई विकासको मुलप्रवाहमा पहुँच बढाउन महिला शक्तिकरण एवं लैगिंक सचेतना अभिवृद्धि गर्ने ।

३) एकिकृत सामाजिक विकास कार्यक्रमका माध्यमबाट दलित, महिला, जनजाती, सिमान्तकृत समुदाय, एकलमहिला अपांगता,वालवालीका एवं युवाको आर्थिक,सामाजिक, शिक्षा र स्वास्थ्य अवस्थामा सुधार गर्ने ।

४) जिविकोपार्जनका लागी खाद्य सुरक्षा, खाद्यअधिकार लगायत पोषणलाई अधिकारको रुपमा विस्तार गरि कार्यक्रम संचालन गर्ने ।

५) स्थायि शान्ति, दिगोविकास, मानवअधिकार, सामाजिक न्याय, लोकतन्त्र, सुशासन र समावेशिकरणका लागि अधिकारमुखि अभियान संचालन गर्ने ।

६) द्वन्द्व व्यवस्थापन र सामाजिक रुपान्तरण प्रकृयामा जनचेतना अभिवृद्धि गरि सामाजिक मेलमिलाप र शान्ति प्रवर्धन गर्ने ।

७) विभिन्न सरकारी, गैरसरकारी एवं दातृ संस्थाहरु संग समन्वय र साझेदारीमा स्थानिय स्रोत साधनको परिचालन द्वारा सामाजिक विकासका कार्यहरुमा कृयाशिल रहने ।

३.संस्थाको मुल्य,मान्यता :-

१.मानवीय व्यवहार
२.एकता
३.सहभागीता
४.समता

४.संस्थाको कार्यपद्धती (Working Approuch) :-


- मानव अधिकारमुखी विकास ।
- अधिकारका लागी संजालीकरण ।
- सशक्तिकरण तथा वकालत ।
- सामाजिक परिचालन ।
- सहकार्य र साझेदारी ।

५.संस्थाको कार्य प्रक्रिया (PROCEDURE WORKING):-

- परिवेश विश्लेषण समस्या पहिचान ।
- समुह, संगठन र संजालीकरण ।
- सहभागीमुलक योजना तर्जुमा ।
- क्षमता विकास सचेतना अभिवृद्धि ।
- अनुगमन तथा मुल्यांकन ।
- समन्वय,सहकार्य ।
- वर्हिगमन योजना निर्माण तथा हस्तान्तरण ।

६.संस्थाको कार्यक्षेत्र :-

सम विकास केन्द्र (EDC) नेपाल, डोटीको भौगोलिक कार्यक्षेत्रको रुपमा डोटी जिल्लाको ९ वटा स्थानिय तह अर्न्तगत ७ वटा गाँउपालीका २ वटा नगरपालीकामा विभिन्न परियोजना र कार्यक्रम संचालन भई रहेका छ ।




७.संस्थाको सांगठनीक अवस्था :-

सम विकास केन्द्र (EDC) नेपाल,डोटीको मानविय जनशक्तिको रुपमा सदस्य तथा कर्मचारीको विवरण :

**७.१.संस्थाका सदस्यहरुको विवरण :-**

| विवरण | जम्मा सदस्य संख्या | महिला | पुरुष | दलित | जनजाती | अन्य |
|---|---|---|---|---|---|---|
| संस्थाको कुल सदस्य संख्या | ८६ | ४१ | ४५ | ६८ | ६ | १२ |
| २०७६ आषाढ सम्म सकृय तथा कायम सदस्यहरु | ५२ | ३३ | १९ | ४२ | ३ | ७ |
| आजिवन सदस्य | १४ | ४ | १० | ८ | ३ | ३ |
| संस्थापक सदस्य | १० | ० | १० | १० | ० | ० |
| कार्यसमिति | ११ | ४ | ७ | ९ | ० | २ |
| कुल जम्मा | ८७ | ४१ | ४५ | ६८ | ६ | १२ |

**७.२.संस्थाका कर्मचारीहरुको विवरण** :

| विवरण | संख्या | महिला | पुरुष | दलित | जनजाती | अन्य |
|---|---|---|---|---|---|---|
| कार्यरत कर्मचारीहरु | ३१ | १३ | १८ | २० | २ | ९ |
| इन्टनसिप कर्मचारी | १ | १ | ० | १ | ० | ० |

८..संस्थाको साझेदारी एंव सहकार्यमा संचालित कार्यक्रम तथा परियोजनाको अवस्था :- सम विकास केन्द्र (EDC) नेपाल डोटी द्वारा विगत वर्षहरु झै यस आर्थिक बर्षमा पनी विभिन्न साझेदार संस्था तथा दातृ निकायहरुको आर्थिक तथा प्राविधिक सहयोगमा सामुदायिक विकासका कार्यक्रमहरुको कार्यान्वयन द्वारा लक्षित गरिएका वर्ग तथा अधिकारवाला समुदायको जीवन स्तरमा सुधार ल्याउन संचालित परियोजना तथा कार्यक्रम सहीत सहयोगी निकायको विबरण यस प्रकार रहेको छ ।

८.१.संस्थाको साझेदारी एंव सहकार्यको अवस्था :-

| क.सं. | कार्यक्रम तथा परियोजना | कार्यवधि | सहयोगी संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानिय अधिकार कार्यक्रम | jan. 2014 to Dec. 2023 | Actionaid Nepal | |
| २ | द– महिला नेटवर्क परियोजना | Sep. 2016 to Aug.2020 | Actionaid Nepal | |
| ३ | छाउपडी प्रथाजन्य हानिकारक अभ्यासहरु तोड्नका लागी किशोरी ,महिला तथा युवाहरुको साझा अभियान | June.2019 to May 2021 | Actionaid Nepal | |
| ४ | दिगो जिविकोपार्जन प्रवर्द्धन परियोजना साकार परियोजना र SLP | jan. 2017 to Dec. 2021 | DCA Nepal | |
| ५ | परिवर्तन परियोजना | Feb. 2019 to Dec. 2022 | DCA Nepal /EU | |
| ६ | उपहार(बाख्रा पालन)परियोजना | April 2019 to Dec.2019 | DCA Nepal | |
| ७ | COVID-19 RESPONSE Danida Farme & DERF Project | April2020to June. 2020 | DCA Nepal | |
| ८ | महिलाको न्यायमा पहुँच परियोजना | June.2019 to May 2021 | UN-WOMEN /Lacc | |

९.संस्थाले परियोजना तथा कार्यक्रम संचालन तथा कार्यान्वयनमा प्रत्यक्ष रुपमा संलग्न रहेका समुह,संगठन तथा संरचनाहरुको अवस्था :-

नागरिक समाज समुह संगठनहरु अर्न्तगत :-

- महिला समुह ।
- कृषक समुह ।
- रिफलेक्ट सर्कल ।
- कृषक व्यवशायिक पाठशाला ।
- सुशासन कक्षा पाठशाला ।
- किशोरी समुह ।
- महिला अधिकार मंच ।
- भुमि अधिकार मंच ।
- वाल क्लव, वालसंजाल ।
- यूवा संजाल ।

**१०.आ.व. २०७६/०७७ मा संचालित कार्यक्रमहरु :-**

**१०.१.स्थानिय अधिकार कार्यक्रम (LRP)**

प्राथमिकता बमोजिमको निर्धारित क्षेत्र :-  महिला अधिकार ।

- गुणस्तरिय सार्वजनीक शिक्षा ।
- दीगो जीवीकोपार्जन ।
- विपद उत्थानशिलता ।

**कार्यक्षेत्र** :-

- दिपायल सिलगढी नगरपालीका वडानं.४,५,७ शिखर नगरपालीका वडा नं.१,२,३,४ के.आई.सिं.गाँउपालीका वडा नं.४,६ र ७ ।

समेटिएका घरधुरी तथा परिवार संख्या :-

| क्र.स. | कार्यक्षेत्र | प्रत्यक्ष रुपमा लाभान्वित वर्ग समुदाय संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १. | दिपायल सिलगढी नगरपालीका,शिखर नगरपालिका के.आई.सिंह गाँउपालिका | १२८३ | ११८ | १४०१ | ५८२ | ० | ८१९ | १४०१ |

स्थानिय अधिकार कार्यक्रममा आवद्ध समुह, संजालहरु को विवरण :-

| क्र.स. | समुह,संजाल | संख्या | आवद्ध सदस्य संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | महिला अधिकार मंच | ८ | १२६ | |
| २. | भुमी अधिकार मंच | १ | २४ | |
| ३. | वाल संजाल | १ | २१ | |
| ४. | वाल कल्व | ९ | १७७ | |
| ५. | रिफलेक्ट सर्कल,कृषक समुह | २२ | ६६७ | |
| ६. | महिला समुह | ८ | २७६ | |
| ७. | किशोरी समुह | ७ | ९९ | |
| ८. | युवा संजाल/एक्टिभिष्ट | १ | १२ | |
| जम्मा | | **५७** | **१४०१** | |

१०.२. **द–महिला नेटवर्क परियोजना (MNT)**

परियोजनाको मुख्य उद्देश्य :-

- संगठन निर्माण तथा सक्तिकरण
- आर्थिक सक्तिकरण
- पारिश्रमिक विनाको सेवामुलक कार्य
- सवाल उठान तथा स्थानिय निकायसंग समन्वय सहकार्य
- अभिलेखिकरण तथा अभियान

**कार्यक्षेत्र** :-

- दिपायल सिलगढी नगरपालीका वडा नं.४,५,७ शिखर नगरपालीका वडा नं.१,२,३, के.आई.सिं.गाँउपालीका वडा नं. ४, ६ र ७ ।

समेटिएका घरधुरी तथा परिवार संख्या :-

| क्र.स. | कार्यक्षेत्र | प्रत्यक्ष रुपमा लाभान्वित वर्ग समुदाय संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १. | दिपायल सिलगढी नगरपालीका | १०१ | ० | १०१ | ७३ | ० | २८ | १०१ |
| २. | शिखर नगरपालीका | १०४ | ० | १०४ | ३६ | ० | ६८ | १०४ |
| ३. | के.आई.सिंह.गाँउपालीका | ७१ | ० | ७१ | ५२ | ० | १९ | ७१ |
| | **जम्मा** | **२७६** | **०** | **२७६** | **१६१** | **०** | **११५** | **२७६** |

द–महिला नेटवर्क परियोजनामा आवद्ध समुह, संजालहरु को विवरण :-

| क्र.स. | समुह,संजाल | संख्या | कैफियत |
|---|---|---|---|
| १. | महिला समुह | १६ | |
| ७. | महिला अधिकार मंच | ८ | |
| | **जम्मा** | २४ | |

१०.३.**छाउपढी प्रथाजन्य हानिकारक अभ्यासहरु तोड्नका लागि किशोरी ,महिला तथा युवाहरुको साझा अभियान DTV** परियोजना ।

परियोजनाको उद्देश्य :

- किशोरी, महिला,तथा यूवाकरुको सँयुक्त प्रयास र पुरुष, धार्मिक अगुवा र संस्था (पुजारी , पंडित , धामी झाँक्री) सँगको संगलग्नता र स्थानिय तहबाट नीति निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन द्वारा छाउपडी प्रथाजन्य हानिकारक अभ्यासहरुलाई तोड्ने ।

परियोजनाको अपेक्षित

- समाजमा रहेका छाउपडी प्रथाजन्य गलत मान्यताहरु तोड्नका लागि महिला तथा किशोरीहरु सचेत तथा संगठित भएका हुनेछन् ।
- लघु उद्यमशिलताको माध्यमवाट महिलाहरुको आयआर्जनमा वृद्धि भएको हुनेछ ।
- स्थानीय तथा प्रदेश सरकारले छाउपडी प्रथाजन्य हानिकारक अभ्यासहरुको अन्त्यका लागि नीतिगत कार्य गरेका हुनेछन् ।

**कार्यक्षेत्र** :-

- दिपायल सिलगढी नगरपालीका वडा नं.४,५,७ शिखर नगरपालीका वडा नं.१,२,३,४ के.आई.सिं.गाँउपालीका वडा नं.४,६ र ७।

समेटिएका घरधुरी तथा परिवार संख्या :-

| क्र.स. | कार्यक्षेत्र | प्रत्यक्ष रुपमा लाभान्वित वर्ग समुदाय संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १. | दिपायल सिलगढी नगरपालीका, शिखर नगरपालिका र के.आई.सिहं. गाँउपालिका | १२८३ | ११८ | १४०१ | ५८२ | ० | ८१९ | १४०१ |

१०.४.**दीगो जीवीकोपार्जन प्रवर्द्धन र साकार परियोजना** (SLP/SACAR)

दीगो जीवीकोपार्जन प्रवर्द्धन परियोजनाको लक्ष्य तथा नतिजाहरु :-

- **लक्ष्य** :- मुल्य श्रृखलामा आधारीत उत्पादन, प्रोसेशीङ्ग र बजारीकरणमा आबद्ध साना किसानहरुको आयआर्जन र खाध सुरक्षा मा दिगो रुपमा बृद्धि गन सहयोग गर्ने ।
- **नतीजा नं.१**. साना किसानहरुले कृषि उत्पादन बृद्धि का साथै लक्षित मुल्य श्रृखलाको माध्यमले रोजगारी सृजना हुनेछ ।

- **नतीजा नं.२**. साना तथा सीमान्तकृत कृषकहरुको जलवायु समानुकुलन क्षमता अभिबृद्धि हुनेछ ।
- **नतीजा नं.३**. कृषक समुहको सहजीकरणमा कृषि र बजार विस्तारमा सरकारी तथा नीजी क्षेत्रको लगानी बृद्धि हुनेछ ।

साकार परियोजना (SACAR) को लक्ष्य तथा नतिजाहरु :-

- **लक्ष्य** :- उत्पादन, खाद्य सुरक्षा, मुल्य श्रृखला र जलवायु अनुकुलन प्रविधिहरुको सहयोग द्वारा सीमान्तकृत, गरीब समुदायको समानुकुल जीबीकोपार्जन क्षमता अभिबृद्धि गर्ने ।
- **नतीजा नं.१.** साना किसानहरुको जीबीकोपार्जनका नयाँ श्रोत र अवसर द्वारा आयआर्जन, खाद्यसुरक्षा र पोषण सुरक्षामा सहयोग गर्ने ।
- **नतीजा नं.२**. गरीब तथा सीमान्तकृत समुदायको समानुकुलन क्षमता अभिबृद्धि हुनेछ ।
- **नतीजा नं. ३**. लक्षित समुदायलाई सेवाप्रवाहका लागी सामुदायिक संस्थाहरुको सबलिकरणमा सहयोग गर्ने ।
- लक्षित वर्ग तथा समुदाय :- कृषक तथा कृषक समुह, दलित, महिला, जनजाती, युवा तथा सीमान्तकृत समुदाय, मुल्य श्रृखलाका पात्रहरु ।

**कार्यक्षेत्र** :- पुर्वीचौकी गाँउपालीका वडा नं.३,४ के.आई.सिं.गाँउपालीका वडा नं.४,६ र ७ ।

परियोजनाले समेटिएका घरधुरी तथा परिवार संख्या :-

| क्र.स. | कार्यक्षेत्र | प्रत्यक्ष रुपमा संलग्न घरधुरी संख्या | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १. | के.आई.सिं.गाँउपालीका | १३३ | १७ | ३१२ | ४६२ |
| २. | पुर्वीचौकी गाँउपालीका | १२३ | ० | ३८१ | ५०४ |
| | जम्मा | २५६ | १७ | ६९३ | ९६६ |

परियोजनामा आवद्ध समुह, संजालहरु को विवरण :-

| क्र.स. | समुह,संजाल | संख्या | कैफियत |
|---|---|---|---|
| १. | कृषक समुह | ३२ | |
| २. | कृषक सहकारी संस्था | ४ | |
| ३. | वित्त संस्था | ५ | |
| ४. | एग्रोभेट | २ | |
| जम्मा | | ४३ | |

## १०.५.गरिब तथा सीमान्तकृत समुदायका लागी बाख्रापालान (उपहार) परियोजना ।

**परियोजनाको उद्देश्य** :-

- बाख्र पालन को माध्यमले समुदाय को आयबृद्धि गरी जीवीकोपार्जनमा सहयोग गर्ने ।
- साना तथा सिमान्तकृत गरिब तथा दलित समुदाय को स्वरोजगारमा सहयोग गर्ने ।

**कार्यक्षेत्र** :- के.आई.सिं.गाँउपालीका वडा नं.५ रानागाँउ वडा नं.६,७ भुमिराजमाण्डौ

समेटिएका घरधुरी तथा परिवार संख्या :-

| क्र.स. | कार्यक्षेत्र | प्रत्यक्ष लाभान्वित घरधुरी संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा | |
| १. | के.आई.सिं.गाँउपालीका वडा | ३६ | ० | ४ | ४० | |
| २. | के.आई.सिं.गाँउपालीका | १ | ० | १९ | २० | Single women 2 Other Women-4 Disable-1 Migrant returnee youth-13 |
| | जम्मा | ३७ | ० | २३ | ६० | |

**१०.६.उत्तरदायी, पारदर्शी तथा जवाफदेही स्थानीय सुशासनका लागि सहभागितामुलक, समावेशि तथा बृहत नागरिक अभियान(परिवर्तन) PARIWARTAN परियोजना,**

**परियोजनाको उद्देश्य** :

<u>प्रमुख उद्देश्य</u> :- स्थानिय स्तरको सुशासन प्रकृयामा सम्पूर्ण नागरीकहरुको अर्थपूर्ण सहभागीता अभिबृद्धि गर्ने ।

<u>निर्दिष्ठ उद्देश्य</u> :- सुशासन प्रकृयामा पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्नका लागि स्थानिय समुदाय तथा उनीहरुको संगठनको सशक्तिकरण तथा सवलिकरण गर्दै सशक्त रुपमा उनीहरुलाई स्थानीय सरकारको सुशासन प्रकृयामा समावेश गराउन सहयोग गर्ने ।

<u>अधिकारवाला तथा सरोकारवालाहरु</u> :- स्थानिय सरकार, विषयगत निकाय र जिल्ला समन्वय समिती, दलित, महिला, तथा सिमान्तकृत समुदाय, समुदायमा क्रियाशिल नागरिक समाज संस्था ।

कार्यक्षेत्र :- शिखर नगरपालीका वडा नं.१,२,३,४,६ के.आई.सिं.गाँउपालीका ४,५,६,७ जोरायल गाँउपालीका वडा नं.१,२,३ र ४ ।

१.परिवर्तन परियोजना अर्न्तगत कार्यक्षेत्रमा समेटीएको घरधुरी विवरण :-

| क.स. | कार्यक्षेत्र | कार्यक्षेत्रको घरधुरी विवरण | |
|---|---|---|---|
| | | जम्मा घरधुरी संख्या | परियोजनाले ओगटिएको घरधुरी संख्या |
| १. | शिखर नगरपालीका | ६६६५ | ३००१ |
| २. | के.आई.सिं.गाँउपालीका | ४२५९ | २५०४ |
| ३. | जोरायल गाँउपालीका | ३८०८ | २७२९ |
| | जम्मा | **१४७३२** | **८२३४** |

२.प्रत्यक्ष रुपमा परियोजना द्धारा लाभान्वित वर्ग,समुदायको विवरण :-

| क.स. | कार्यक्षेत्र | प्रत्यक्ष रुपमा लाभान्वित वर्ग समुदाय संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १. | शिखर नगरपालीका | ३३१ | ८ | ३३९ | १३८ | ० | २०१ | ३३९ |
| २. | के.आई.सिं.गाँउपालीका | ३ | ४१ | ३९९ | १९३ | १ | २०५ | ३९९ |
| ३. | जोरायल गाँउपालीका | ३४९ | २० | ३६९ | १२३ | ४१ | २०५ | ३६९ |
| | जम्मा | **१०३८** | **६९** | **११०७** | **४५४** | **४२** | **६११** | **११०७** |

परिवर्तन परियोजनामा आवद्ध समुह, संजालहरु को विवरण :-

| क.स. | समुह,संजाल | संख्या | आवद्ध सदस्य संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | सुशासन कक्षा व्यवस्थापन समिति | ३६ | ८९ जना | |
| २. | कार्यक्रम व्यवस्थापन समिति | ३ | ३१ जना | |
| ३. | सुशासन कक्षा पाठशाला | ३६ | ११०७ जना | |

**१०.७.महिलाको न्यायमा पहुंच अभिवृद्धि परियोजना** ।

परियोजनाको उद्धेश्य :-

- न्यायसेवा प्रदायकहरु र समुदायमा आधारित महिला समुहको क्षमता अभिबृद्धि तथा तिनिहरु बिच आपसी समन्वय र सहकार्यको लागी सहजीकरण मार्फत महिला तथा सिमान्तकृत समुहको लैङ्गिक उत्तरदायी न्यायको पहुँचमा सुधार गर्ने ।

परियोजनाको अपेक्षित नतिजा तथा परिमाण :-

- **परिणाम १**.लैङ्गिक उत्तरदायि न्यायमा सहज पहुँचको लागी स्थानिय न्यायिक समिती, मेलमिलाप/मध्यस्थर्कता र अनौपचारीक न्यायिक क्षेत्र को क्षमता अभिवृद्धि भएको हुनेछ ।

- **परिणाम २.** आपसी छलफल र अन्तक्रिया तथा अनुभव आदान प्रदान मार्फत औपचारीक र अनौपचारीक न्यायिक निकायहरु विचमा रहेको ग्याप/अन्तरलाई कम गरी पुलको काम गर्ने ।
- **परिणाम ३.** महिलाको लैङ्गिक उत्तरदायि न्यायमा सहज पहुँचको लागी समुदाय स्तरका महिला संघ संगठन तथा समुहरुलाई पैरवी/वकालत तथा क्षमता अभिबृद्धिमा सहयोग पुगेको हुनेछ ।

**कार्यक्षेत्र** :-

- दिपायल सिलगढी नगरपालीका,शिखर नगरपालीका,बडीकेदार गाँउपालीका

परियोजनाको लक्षित समुदाय :-

- दलित,विपन्न महिला तथा सिमान्तकृत समुदाय (एकल तथा हिंसा प्रभावित महिला,अपाङ्गता भएका महिला,महिला संजाल किशोरी समुह,क्लव र युवा संजाल,द्वन्द्व पिडित महिला,एच.आई.भि.सक्रमीत समुदाय ।

परियोजनाको सरोकारवाला निकाय :-

- औपाचारिक न्यायिक निकायहरु, स्थानिय तह, महिला अधिकार मंच, संचारकर्मी, विधालय, `लमिलाप समिति,नागरिक समाज ।

**१०.८.कोरोना भाइरस(कोभिढ१९)महामारी विरुद्ध मानविय सहायता परियोजना ।**

**कार्यक्षेत्र** :- डोटी जिल्ला

१. दि.सि.न.पा ,

२.शिखर नगरपालिका,

३.के.आई.सिंह गाँउपालिका,

४.जोरायल गाँउपालिका,

**परियोजनाको मुख्य उद्धेश्य :-**

- कोरना भाइरस (COVID-19) महामारी वाट सबै भन्दा बढी जोखिममा रहेका सुदुरपश्चिम प्रदेशको डोटी जिल्लाका घरधुरी र परिवारका व्यक्तिहरुको जीवन बचाउन र रक्षा गर्ने ।

**प्रयोजनाको तत्कालीन प्रतिफलहरु :-**

प्रतिफल १ : सरकारको स्वामित्वमा रहेका २३ वटा स्वास्थ्य संस्थाहरुमा व्यक्तिगत सुरक्षा उपकरण (PPEs) को सहयोग वाट थप स्वाथ्य सुविधाहरुको उपलब्धता गर्न ।

प्रतिफल २ : खाद्य र स्वच्छताको लागी जोखिम र प्रभावित १८० घरधुरीको तत्काल आवस्यक्ताहरु लाई उचित मोडल द्वारा संवोधन गर्न ।

प्रतिफल ३ : कोरना भाइरस (COVID-19) महामारीको विभिन्न पक्षहरुमा आम मानसमा ज्ञान र चेतना अभिवृद्धि गर्न ।

**परियोजनाको प्रत्यक्ष लाभान्वित क्षेत्र तथा समुदाय** :-

- स्थानिय तह, वडा, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, जनप्रतिनिधि र कर्मचारी ।
- दैनिक मजदुर गरि खाने विपन्न, दलित, महिला, युवा र अपांगता भएका व्यक्तिहरु ।
- नागरिक समाज संस्था र पत्रकार ।

**१०.९.वाल प्रायोजन कार्यक्रम ।**

वाल प्रायोजन कार्यक्रमको उद्देश्य :

- वालवालिकाहरुलाई संगठित र उनिहरुको क्षमता विकास गर्दै स्रोत संकलनका लागि समन्वय गर्ने ।
- वाल विकास केन्द्र र वाल क्लवहरुको भौतिक तथा शैक्षिक विकासका लागि पहल गर्ने ।
- स्पोन्सर वालवालिका र सपोटर वीचको सम्बन्ध सुदुढ गर्न पुलको कार्य गर्ने ।

- वाल गतिविधिहरु मार्फत उनिहरुको शैक्षिक र मनोबैज्ञानिक विकासमा सहयोग पुऱ्याउने ।

**लक्षित पालिका र वालवालिकाहरुको संख्या** :-

१. दिपायल सिलगढी नगरपालिका वडा नं.४,५,७ का **२७४** जना वालवालिकाहरु ।

२.शिखर नगरपालिका वडा नं.१,२ का **२४८** जना वालवालिकाहरु ।

३.के.आई.सिं.गाँउपालिका वडा नं.४,६,७ का **५८५** जना वालवालिकाहरु ।

वाल प्रायोजन कार्यक्रममा सहभागी वालवालिकाहरुको जम्मा संख्या **११०७** वालवालिकाहरु ।

**११.आर्थिक वर्ष २०७६ / २०७७ मा संस्थागत विकास तथा सामुदायिक विकास तर्फ बार्षिक रुपमा भएका उपलब्धि तथा नतिजाहरु :-**

संस्थागत विकास एंव संगठन सुदृढीकरण तथा यस अवधिका उपलब्धिमुलक कार्यहरु :- संस्थाले आफनो उद्देश्य र लक्ष्य प्राप्तीका लागी संस्थालाई स्थानिय देखी राष्ट्रिय स्तर सम्म मात्र नभई अर्न्तराष्ट्रिय तह सम्ममा आफनो छवी र पहिचानलाई बलियो रुपमा स्थापित गर्नुपर्दछ भन्ने मान्यतालाई आत्मसात गरि मुख्य रुपमा संस्थागत विकास अर्न्तगत संस्थाको आन्तरिक संगठनको सुदृढिकरणमा जोड दिदैं आएको छ ।

**११.१.<u>सदस्य तथा कर्मचारीको क्षमता अभिवृद्धि</u>** :-

संस्थाले यस अवधिमा संस्थागत रुपमा र साझेदार संस्थाहरुको सहयोगमा संस्थागत गतिविधि तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा बमोजिम संस्थाका **४२ जना** सदस्य, कर्मचारी महिला पुरुष गरि निम्न बमोजिमका क्षेत्रमा क्षमता विकासमा जोड दिइएको छ ।

- सदस्य तथा कर्मचारीहरु लाइ संस्थागत जानकारी प्रदान ।
- महिलावादी नेतृत्व विकास ।
- रुपान्तरिणय सामाजिक परिचालन ।
- सामाजिक परिचालक ।
- महिला सम्मेलन ।
- कृषि सम्मेलन ।
- खाद्य अधिकार ।
- जलवायु अनुकुलन ।
- TOC ।
- सामुदायिक कार्ययोजना निर्माण ।
- दिगो विकास लक्ष्य ।

**११.२.<u>नीति नियम, कार्यक्रमको तर्जुमा र कार्यान्वयन</u>** :-

संस्थाले यस आर्थिक वर्ष २०७६/२०७७ मा थप निम्न बमोजिमको नीति नियमको तर्जुमा तथा कार्यान्वयनमा ल्याएको छ ।

- फण्डरेजिङ नीति ।
- जोखिम व्यबस्थापन नीति ।
- बाताबरण अनुकलन नीति ।
- जेशी नीति ।
- यौन दुराचार नीति ।
- कोभिढ –१९, महामारीको प्रतिकार्य तथा कार्य संचालन कार्यविधि ।
- गुनासो सुनुवाई कार्यविधि,
- संस्थागत खर्च चारजिङ्ग नीति,
- सवारी साधान नीति,
- साझेदारी विकास नीति,

**११.३.आन्तरिक सुशासन** :-

संस्थागत रुपमा आन्तरिक सुशासन प्रवर्द्धनको अभ्यासलाई निरन्तरता दिंदै अधिकारवाला तथा सरोकारवाला निकायहरुमा संस्था प्रतिको सकारात्मक पहिचान स्थापित गराउन विभिन्न गतिविधिको माध्यम वाट कार्यान्वयनका प्रयासहरु गरिएका छन ।

- सुचना अधिकारी र गुनासो सुनवाइ अधिकारीको व्यवस्थापन र कार्यान्वयनमा ल्याएको छ ।
- संस्थागत रुपमा भएका निर्णयहरुको विभिन्न माध्यम वाट सार्वजनीक संचार गरि रहेको छ ।
- संस्थाको नियमित बार्षिक साधारण सभा तथा सामाजिक लेखापरिक्षण ।
- संस्थाको नियमित बाह्य तथा आन्तरिक लेखापरिक्षण, भौतिक निरिक्षण, परिक्षण र अभिलेखिकरण, सामाग्रीको लिलाम, गुनासो, सुझाव पेटीकाको व्यवस्थापन कार्यको निरन्तरता प्रदान गरिएको छ ।
- संस्थाको वित्त व्यबस्थापन तथा प्रभावकारीताका लागी, वित्त दिवश, आन्तरिक लेखापरिक्षण सचेतना दिवश को आयोजनाले वित्त व्यबस्थापनमा सुधार, अभिलेख व्यबस्थापनमा मार्गदर्शन प्राप्त गरेको छ ।
- संस्थागत रुपमा वार्षिक उत्सव, सदस्यहरुको भेला, अर्धवार्षिक, बार्षिक प्रगती सिकाई समिक्षा बैठकको आयोजना लगायतले प्राप्त नतिजा, उपलब्धि, सिकाई, समस्या, चुनौती र अवसरको समिक्षा गरि भावी योजना निर्माणमा सहयोग पुगेको छ ।

**११.४.अनुगमन तथा मुल्यांकन** :-

संस्था द्वारा विभिन्न साझेदार संस्थाहरुको सहयोगमा संचालन भईरहेका परियोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरि लक्षित अधिकारवालाहरुको फाईदाको लागी कार्य हुनुपर्दछ भन्ने मान्यता वाट परियोजना तथा कार्यक्रमको प्रकृती लाई ध्यानमा राखी संस्थाको बार्षिक अनुगमन तथा मुल्यांकन योजना बनाई फिल्ड कर्मचारी, कार्यालयमा कार्यरत कर्मचारी, सरोकारवाला, अधिकारवालाहरुको प्रत्यक्ष सहभागीतामा विभिन्न चरणमा विभिन्न पक्षको अनुगमन तथा मुल्यांकन गर्ने कार्यको निरन्तरता दिईरहेको छ जस्ले अधिकारवाला तथा सरोकारवालाहरुको संस्थाको कार्यशैली प्रति विश्वास प्राप्त गरि आफना कार्यक्रम तथा परियोजनाहरु संचालन गरिरहेको छ ।

अनुगमन तथा मुल्यांकनको अवधि :-

- त्रैमाषिक,अर्धबार्षिक,बार्षिक अनुगमन ।
- बार्षिक मुल्यांकन ।

अनुगमन तथा मुल्यांकनको प्रकृया, विधि :-

- कार्यसमिति, कर्मचारी विच संयुक्त बैठक तथा छलफल ।
- सम्बन्धित कार्यक्षेत्रका अधिकारवालाहरु संग बैठक, अर्न्तक्रिया, अवलोकन ।
- सरोकारवालाहरु संग छलफल तथा भेटघाट अर्न्तक्रिया ।
- प्रगती सिकाई समिक्षा बैठक ।
- संयुक्त अनुगमन ।
-

**११.५.सम्पर्क समन्वय, र सहकार्य** :-

संस्थाले आफनो लक्ष्य, उद्धेश्य प्राप्ती र विकासको क्षेत्रमा क्रियाशिल विभिन्न निकायहरु संग प्रत्यक्ष रुपमा सम्पर्क समन्वय र सहकार्यमा वृद्धि विकासमा योगदान गर्नु पर्दछ भन्ने मान्यतालाई आत्मसात गरि अगाढी बढीरहेको छ ।

- संस्थाको कार्यक्रम विस्तार तथा सहकार्य प्रवर्द्धनका लागी स्थानिय तह, सरोकारवालाहरु विच छलफल बैठक गरि सम्बन्ध सुधार कायम गरि परियोजनाको विकास तथा कार्यान्वयनमा सहयोग प्राप्त भइरहेको छ ।
- संस्थाले विभिन्न राष्ट्रिय, अर्न्तराष्ट्रिय संघ संस्थाहरुमा Action aid Nepal,DCA Nepal/EU, LACC,UN-Women, KHN, ओरेक नेपाल विच समन्वय गरि कार्यक्रम विस्तार तथा सहकार्य प्रवर्द्धन वाट सामुदायिक विकासका कार्यक्रमहरु संचालनमा योगदान गरिरहेको छ ।
- संस्थाले स्थानिय स्तरमा रहेका जातीय छुवाछुत , छाउपडी, सामाजिक अन्यापुर्ण व्यबहार लगायत कोभिढ १९ सम्बन्धि समस्या र सवालको उजागर गरि सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गराई पिडित पक्ष लाई न्याय दिलाउनमा सकारात्मक दवाब दिन भएका असल अभ्यास तथा सिकाईहरु लाई व्यापक रुपमा प्रचार प्रसार गर्न जिल्ला स्थित संचार माध्यमहरु संगको समन्वय र सहकार्यमा जिगंल लगायत वहश कार्य संचालन
- संस्थाले लिवर्ड पोखरा, इनलोगोश काठमाण्डौ, गाँउपालिका, नगरपालिका, वडा कार्यालयहरु, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन, प्रहरी कार्यालय, सामुदायिक प्रहरी, नागरिक समुह संजाल,पत्रकार,संचार माध्यम,गैसस महासंघ (जिल्ला र प्रदेश) लगायत अन्य निकाय संग सम्पर्क समन्वय र सहकार्यको पहल गरि सम्बन्ध विस्तार तथा सवालमा ऐक्यबद्धता गरि कार्य गर्दै आएको छ ।

**११.६.सुचना तथा संचार व्यबस्थापन** :-

संस्थाले संस्थागत रुपमा भएका गतिविधि लगायत महत्वपुर्ण निर्णयहरुको कार्यान्वयनको अवस्थाका साथै देशमा भए गरेका गतिविधिहरुको जानकारी तथा आदान प्रदानका लागी सुचना तथा संचार क्षेत्रलाई व्यबस्थित गर्ने कार्यमा जोड दिई रहेको छ ।

- गुनासो सुनवाई तथा सुचना अधिकारी व्यवस्थापन गरिएको छ ।
- सूचना बोर्ड मार्फत संचार ।
- पत्राचार ।
- रेडियो कार्यक्रम प्रशारण ।
- सामाजिक परिक्षण ।
- प्रकाशनहरु ।
- वेभसाईड ।
- फेसवुक, सामाजिक सञ्जाल ।

**१२. सामाजिक तथा सामुदायिक विकास क्षेत्र अर्न्तगतका उपलब्धि तथा नतिजाहरु** :-

१२.१.मानव अधिकार,सामाजिक न्यायको प्रवर्द्धन :-

- संचार माध्यम अर्न्तगत जिल्लामा रहेका एफ.एम. रेडियो विच सहकार्य मा जातीय छुवाछुत विरुद्ध लगायत अन्य भेदभाव विरुद्धका व्यवहारका सम्बन्धमा जिंगल प्रशारणले कार्यले छुजाछुत तथा भेदभाव अन्त्यको अभियानमा जनमत वृद्धि तथा सचेतना अभिवृद्धि गरेको छ ।
- स्थानिय तह विच समन्वय गरि शिखर नगरपालिका, सायल र के.आई.सिंह गाउँपालिकाले रु. ५०,५० हजार र वोगटान गाउपालिकाले छाउपडी तथा छुवाछुत विरुद्धको अभियानमा रु.४९८०००। विनियोजित गरि जातीय छुवाछुत तथा सामाजिक अन्यायपुर्ण व्यबहार र प्रचलनको विरुद्ध अभियान संचालनका लागी विनियोजित गरि स्थानिय तहको भूमिका लागी थप सकृय वनाईनु ।
- गाँउ, नगर सभा वाट पारित भएका निति तथा कार्यक्रममा स्थानिय तहमा जातीय छुवाछुतको अन्त्य का लागी अभियानमुलक कार्यक्रम र जिविकोपार्जनमा लगानी र नीतिको कार्यान्वयनमा प्रतिबद्ध हुन संस्था द्धारा १० बुदे सकारात्मक सुझाव पेश भएको छ ।
- जातीय छुवाछुतका कारण सोतोकीको घटनाको विरुद्धमा जिल्लाका दलित अगुवा, संघ संस्थाहरुको समन्वय बैठक गरि विरोद्ध कार्यक्रमको थालनी, प्रधानमन्त्री लाई ज्ञापन पत्र पेश लगायत धर्ना, र्‍याली, कार्यमा संस्थाको योगदान रहनु ।

- स्थानिय न्यायिक समितिको परिचालन तथा कार्यान्वयनमा साझा सहमती तयार तथा स्थानिय न्यायिक समितिका उप प्रमुख, तथा उपाध्यक्षहरु द्धारा जिल्ला भेलाको अवसरमा न्यायिक समितिको क्षेत्राधिकार लाई प्रभावकारी वनाउने प्रतिवद्धता रहेको छ ।
- महिलाहरुको न्यायमा पहुँच वृद्धि गराउन दि.सि.न.पा. वडा नं.७ की सुनिता पार्कि र शिखर नगरपालिका वडा नं.२ की सिता पार्कि स्थानिय स्तरको न्यायिक समितिमा प्रतिनिधित्व गर्ने अवसर श्रृजना भएको छ । साथै के.आई.सिहं,जोरायल गाँउपालिका र शिखर नगरपालिका क्षेत्रमा समुदायमा भएका घरेलु हिंसा, लैंगिक हिंसा तथा जातीय छुवाछुत लगायत विभिन्न प्रकारका घटनाहरु स्थानिय न्यायिक समितिमा दर्ता भई समाधान गर्ने गरिएको र गंभिर प्रकृतिका मुद्धालाई जिल्लामा रिफरल गर्ने गरिएको छ ।

**१२.२.महिला सशक्तिकरण र अधिकार प्रवर्द्धन अर्न्तगत** :-

- संस्था द्धारा संचालित परियोजना तथा कार्यक्रम अर्न्तगत स्थानिय स्तरको  विकास योजनाका विभिन्न उपभोक्ता समितिहरुमा यस अवधिमा दि.सि.न.पा.शिखर न.पा.र के.आइ.सिं गाँउपालीका अर्न्तगतका वडाहरुमा १७१ जना महिलाहरुको प्रतिनिधित्व रहेको छ जस्मा ४७ जना महिलाहरु मुख्य पदको नेतृत्व गरिरहेका छन ।
- शिखर नगरपालिका,दिपायल सिलगढी नगरपालीका र के.आई.सिं गाँउपालीकामा रहेका महिला समुह,महिला अधिकार मंच,रिफलेक्ट सर्कलमा आवद्ध महिलाहरुले स्थानिय तहमा योजना पेश र स्विकृत को लागि पहल गरि पेश भएका योजनाहरुमा स्थानिय निकाय वाट स्विकृत भई महिला तथा विपन्न समुदायको लागी धुप उत्पादनको लागि १ लाख ५० हजार अचार उत्पादनको लागि १ लाख ५० हजार आरन व्यवसाय संचालनको लागि १ लाख ५० हजार  धान चुट्ने मेसिनको लागी १ लाख ८० हजार बजेट विनियोजन भएको छ । त्यसै गरि सुशासन पाठशाला कक्षामा सहभागी २६० जना महिलाहरु स्थानिय निकायको गाँउ सभा,नगर सभा वाट महिलाका आवस्यक्तामा आधारित योजनाहरुमा वजेट विनियोजन गराउन सफल रहेका छन । साथै सामुदायिक कार्ययोजना निर्माण गरि लिफट खानेपानी योजना कार्यान्वयनको लागी जोरायल गाँउपालिका वडा नं.४ को दुर्गादेवी आमा समुहले गाँउपालिका वाट ५ लाख विनियोजन गराई कार्यान्वयन मा ल्याउन थालेका छन,भने त्यसै गरि जोरायल गाँउपालिकामा रहेको केदार आमा समुहको भवन निर्माणको लागी १ लाख बजेट विनियोजन भएको छ ।



- के.आई.सिंह गा.पा वडा नं. ४ गठित महिला अधिकार मञ्चका अध्यक्ष विजया वोगटी ग्रामिण सडक निर्माणका लागि गाँउपालिका र प्रदेशवाट विनियोजन गरिएको १८ लाख रकमको उपभोक्ता समितिको सचिवको पदमा नेतृत्व गरेकी छिन् ।
- शिखर नगरपालिका,जोरायल र के.आई.सिं गाँउपालीकाहरुले महिला, दलित, एवं सिमान्तकृत समुदायको आवश्यकतालाई लक्षित गरि उनिहरुको आर्थिक, सामाजिक सशक्तिकरणलाई सम्बोधन हुनेगरि ५ वटा नीति तथा कार्यक्रम बनाएका छन । जस्तै दलित संग अध्यक्ष, महिलासंग उपाध्यक्ष, महिला कोशेली कार्यक्रम, कृषकसंग अध्यक्ष, एकगाउँ, एक उत्पादन कार्यक्रम र तीन पालिकामा ३४ वटा कानुन, ४२ वटा कार्यविधि तथा ५ वटा कार्यक्रमहरु कार्यान्वयनमा ल्याएका छन ।
- महिलाहरुको न्यायमा पहुँच वृद्धि गराउन दि.सि.न.पा. वडा नं.७ की सुनिता पार्कि र शिखर नगरपालिका वडा नं.२ की सिता पार्कि स्थानिय स्तरको न्यायिक समितिमा प्रतिनिधित्व गर्ने अवसर श्रृजना भएको छ । साथै

के.आई.सिं,जोरायल गाँउपालिका र शिखर नगरपालिका क्षेत्रमा समुदायमा भएका महिला हिंसा तथा लैंगिक हिंसाका साथै जातीय छुवाछुतका घटनाहरु स्थानिय न्यायिक समितिमा दर्ता भई ५२ वटा मुद्धाहरु स्थानिय स्तरमा नै फर्छोयट भई स्थानिय न्यायिक समितिको क्षेत्र अधिकार भन्दा वाहिरका २० वटा मुद्धाहरु जिल्लामा रिफरल गरिएको भने यस अवधिमा जोरायल गाँउपालिकामा लैंगिक हिंसा विरुद्धका १० वटा मुद्धाहरु फैसला भएका छन ।



- शुसासन पाठशालामा सहभागी अधिकारवालाहरु स्थानिय सरकार द्धारा प्रदान गर्ने सेवाको सम्बन्धमा सचेत भई जोरायल, शिखर, के.आई.सिं.गाँउपालिका वाट ७२२० जना नागरिकहरुले सामाजिक सुरक्षा लगायत अन्य सेवा वाट प्रत्यक्ष रुपमा लाभान्वित रहि नागरिक अधिकारको सुनिश्चिततामा सहयोग पुगेको छ ।
- ३६ वटा सुशासन पठशालाका २९९३ मध्ये ४९९ जना महिलाहरु स्थानिय सरकार र जनप्रतिनिधिहरुको भूमिकाका वारेमा समुहमा सहजीकरण गर्न सक्षम भएका छन ।
- नागरिक समाज संस्थाका महिला सदस्यहरु स्थानिय सरकारलाई जवाफदेहि र पारदर्शि बनाउन सरकारका विभिन्न कार्यहरुमा संलग्न हुन थालेका छन ।
- योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको सहभागिता बृद्धि गर्न ३६ वटा नागरिक समाज संस्थाका ३३८ जना महिलाहरुको क्षमता विकास ।
- नागरिक समाज संस्थाहरुले पेश गरेका ३१ वटा सामुदायिक योजना मध्ये ७ वटा योजनाहरु वडा तथा पालिकाबाट पास भएको छ ।
- शिखर न.पा., के.आई.सिह र जोरायल गा.पा.का २३ महिला र ५५ पुरुष गरि ७८ जना जनप्रतिनिधि तथा कर्मचारीहरुले योजना तर्जुमा र समावेशी वजेट निर्माण सम्बन्धि थप ज्ञान सिप हासिल गरेका छन ।



- शिखर न.पा., के.आई.सिह र जोरायल गा.पा.ले प्रदान गर्ने सार्वजनिक सेवा र सुविधामा ११८८ महिला र ६८१ पुरुषहरु (१८६९) अर्थात ६३.५९ प्रतिशत नागरिकको पहुँच बृद्धि भएको छ ।
- जोरायल गाँउपालिका वडा नं.२ मा रहेको स्वस्थ आमा समुहका सदस्य द्रोपती वि.क.शुसासन कक्षा पाठशालामा सहभागी भए पश्चात वहु विवाहको सम्बन्धमा कानुनी व्यवस्था वारे जानकारी भई श्रीमान विरुद्ध वुडरको प्रहरी कार्यालयमा उजुरी गरेपछी वहु विवाह विरुद्ध उचित न्याय प्राप्त गरेका छन ।
- शिखर नगरपालिकाले महिला अधिकार मञ्चले दलित तथा सिमान्तकृत

महिलाहरुको लागी पेश गरेको सिप विकासको योजनामा ४ लाख बजेट विनियोजन गरेको छ ।




- जोरायल गाँउपालिका २ मेलखोलाका अभियानकर्मी मन्धरी वि.क.लगायत अन्य ६ जना महिलाहरुले महिनावरीको समयमा छाउपडी गोठमा बस्नुपर्ने बाध्यता विरुद्ध आवाज उठाउनुका साथै सुरक्षित स्थानमा बस्ने अभ्यासको थालनीमा जोड दिन थालेका छन ।

- **कायक्षेत्रका समुदायमा रहेका आमा समुहहरुमा अभियान संचालनको लागि वडाद्धारा प्रत्येक आमा समुहमा १५ हजारको दरले बजेट बिनियोजन भई दि.सि.न.पा ४, ५ र ७ मा रहेको आमा समुहद्धारा सरसफाईः सम्बन्धि अभियान संचालनमा सहयोग भएको छ ।**

- **महिलाहरुको नेतृत्व क्षमता बढ्नुका साथै** श्रमिक महिलाहरुको सवाल मा केन्द्रित रहि उनीहरुको पक्षमा आवाज उठाउन र सम्बन्धित पक्ष सम्म पुऱ्याई स्थानिय निकाय तथा सरोकारवाला सम्म उनीहरुको सवाल प्रति संवेदनशिल गराउन पालिका स्तरि श्रमिक महिलाहरुको संगठन निर्माण र श्रमिक महिलाहरु संगठित भई समान कामको समान ज्यालाका सम्बन्धमा  महिलाहरुले संचालन गरेको निरन्तर अभियान द्धारा कार्यक्षेत्रका दिपायल सिलगढी नगरपालिका ४,५,७ शिखर नगरपालिका १,२,३,४ र के.आई.सिं.गाँउपालिका ४,६,७ वडामा *समान कामको समान ज्याला निर्धारण गरिएको छ जस्मा(महिला,पुरुष)दक्ष कामदार प्रतिदिन ९०० र अदक्ष कामदार ५५० ज्याला कायम गरेको छ ।*




- संस्था द्धारा संचालित कार्यक्रम तथा परियोजनामा संलग्न रहेका समुह संरचनामा आवद्ध महिला तथा किशोरीहरु छाउपडी प्रथा न्यूनिकरण अर्न्तगतका क्षेत्र मा २२२ जना महिलाहरुले महिनावारी भएको बेलामा गोरस जन्य दूध, दहि मोहि खाने गरेका छन ,महिनावारी भएका वेला महिलाहरु सरसफाईमा ध्यान दिन थालेकोले स्वास्थ्य सुधारका लागी महिलाहरु पोषिलो खाने कुरा खाने र सुरक्षित स्थानमा सुत्ने कुरामा बिस्तार भईरहेको भने *पहिलो पटक महिनावारी हुदा २२ दिन सम्म लुकेर बस्ने किशोरीहरुको अवस्थामा हाल १० दिन सम्म बस्ने अभ्यास शुरु गरेका छन् ।*

- छाउपडी प्रथा जन्य हानिकारक अभ्यासहरुको न्यूनिकरणको क्षेत्रमा परियोजना तथा कार्यक्रम संचालित क्षेत्रका १७९ जना किशोरीहरुले घरेलु सामाग्रीको प्रयोग गरि सेनिटरी प्याडहरु निर्माण र प्रयोग गर्नका साथै बजार वाट समेत किनेर प्याडहरु प्रयोग गर्न का साथै दिपायल



सिलगढी नगरपालिका वडा नं.७ मा रहेको किशोरी समुहको सक्रियतामा विद्यालयमा आपतकालिन कोष स्थापना भई महिनावारी भएको समयको लागी र वाल हिंसाको घट्नाहरुको न्यूनिकरणको क्षेत्रमा परिचालनमा व्यवस्थापन गरेका छन ।

- लक्षित क्षेत्रका अधिकारवालाहरुको सक्रियता र पहल वाट स्थानिय स्तरमा रहेका धामीहरु प्रभावित भई गरेका सकारात्मक कार्य वाट वडा पालिकाले ३ जना धामिहरुलाई सम्मान गरेको छ भने ६ जना धामिहरुले आफनो घरमा रहेका महिला तथा किशोरीहरुलाई महिनावारी भएको बेलामा सुरक्षित ठाउँमा सुताएका र गोरसजन्य खानेकुराहरु खान दिन थालेका छन जस्ले छाउपडी प्रथा विरुद्ध अभियानमा सहयोग गर्ने पक्षहरुमा वृद्धि हुन थालेको छ ।



- शिखर नगरपालिका अर्न्तगतका महिला तथा किशोरी समुहले गरेका अभियानहरु वाट प्रभावित भई शिखर नगरपालिका वडा नं.२ का १२० जना किशोरीहरुले भागि विवाह वा बाल विवाह जस्ता घट्नाहरु घटन नदिने र उक्त अभियान विरुद्ध निरन्तर सक्रियता रहिरहने प्रतिवद्ध रहेका छन ।




- संस्था द्वारा संचालित परियोजना तथा कार्यक्रममा संलग्न रहेको किशोरी समुह,महिला अधिकार मञ्च, महिला समुह तथा रिफ्लेक्ट सर्कलका सदस्यहरुले यस अवधिमा घर घरमा गएर बालविवाह तथा महिलामाथी हुने बिभिन्न प्रकारका हिंसा र छाउपडि प्रथामा कमि ल्याउन गरिएका पैरवी मार्फत यस वर्षमा ९ वटा बाल बिवाह रोक्न सफल भएका छन । जस्ले गर्दा के.आइं.सिंह गाउपालिका वडा नं.४ का वडा अध्यक्ष द्वारा किशोरी समुहले गरेको प्रयाश लाई सकारात्मक रुपमा लिई किशोरीहरुले गरेको यस्ता अभियानलाई प्रभावकारी बनाउन वडा कार्यालयले क्षमता विकासका लागि रकम विनियोजित गरेको छ ।
- परियोजना तथा कार्यक्रम संचालित क्षेत्रका अधिकारवालाहरुको सक्रियतामा लक्षित क्षेत्रका ८ जना (४दलित) महिलाहरु मथि हुने घरेलु हिंसामा कमि आएको छ भने जबरजस्तीकरण, गालि गलौच र कुटपिट गरि समुहका १५ वटा घटनाहरु न्यायिक समिती, वडा तथा प्रहरी कार्यालयमा दर्ता भई समाधान भएका छन ।
- महिलाहरुको भुमि तथा प्राकृतिक श्रोत माथिको पहुँच बढाउन तथा महिलाको सम्पति माथि स्वामित्व विकास गराउन एकल वा संयुक्त लालपुर्जा बनाउने सहजीकरणले यस अवधिमा कार्यक्षेत्रका ९ जना दलित महिलाहरुले एकल तथा संयुक्त लालपुर्जामा बनाई सम्पत्ती माथी स्वामित्व स्थापित भएको छ ।
- अधिकारवाला समुदायको फाईदाको लागी समुहमा गरिएको छलफल तथा योजना पेश गर्नमा गरिएको सहजिकरण पश्चात महिला समुहका ६ जना दलित महिलाहरुले जनता आवास कार्यक्रमबाट आफु र आफनो परिवारको लागी सुरक्षित घर निर्माण गरि उपभोग गरिरहेका छन ।



- स्थानिय स्तरमा रहेका महिला तथा किशोरीहरुको सक्रियतामा स्थानिय निकाय प्रतिवद्ध भई किशोरी र महिलाहरुका लागी अभियान संचालन गर्न के.आई.सिंह गाउपालिका वडा नं.६र७ ले ६० हजार,शिखर नगरपालिका ले महिला मैत्रि शौचालय निर्माणको लागि ७ लाख बजेट उपलव्ध गराई कार्यान्वयनमा आएको छ ।
- परियोजना संचालित क्षेत्र दिपायल सिलगढी नगरपालिका,शिखर नगरपालिका र के.आई.सिं.गाँउपालिका अर्न्तगतका महिला समुहका महिलाहरु ले आफनो कार्यबोझमा कमी ल्याउन (३३ जना महिला) महिलाहरुले ग्याँस चुलोको प्रयोग गरे संगै उनीहरुको बचत भएको समय (कार्यबोझमा २ देखि ३ घण्टा कमि ल्याएका छन) आय आर्जन व्यवशाय तथा उत्पादनमुलक कार्यमा संलग्नता बढनुले (किराना पसल, कुखुरा पालन,तरकारी उत्पादन,दालमोठ उत्पादन र विक्रि वितरण,आदी जस्ता व्यवसायमा संलग्न भई उनीहरुको आर्थिक सशक्तिकरणमा सहयोग पुग्न गएको छ भने घरपरिवारमा श्रीमान,सासु ससुराहरुले कम्तिमा २ देखि ४ घण्टा घरायसि कार्यमा सहयोग गर्नाले महिलाहरुको सामाजिक कार्यहरुमा सहभागिता र सलग्नतामा बृद्धि भैरहेको साथै महिलाहरुको कामको सम्मान हुनुका साथै महिलाहरुको काम बाँडफाँड गरि घरायँसी काममा पुरुषहरुले सहयोग गर्ने घरधुरीको संख्या यस वर्षमा ७६ ( ३४ दलित घरधुरी ) रहेको छ ।
- परियोजना तथा कार्यक्रम संचालित क्षेत्रका महिला तथा किशोरीहरु छाउपडी प्रथा जस्ता हानिकारक अभ्यासहरु तोडनका लागी महिनावारीको समयमा सार्वजनिक धाराहरुको प्रयोग गर्न बाट बञ्चीत हुनुपरिरहेको अवस्थामा महिला तथा किशोरीहरुको सक्रियतामा महिनावारी भएको बेला सार्वजनीक धारा प्रयोगमा सहज वातावरण तयार भएको छ साथै दि.सि.न.पा ५ हिंसाबाट प्रभावित *महिलाहरुलाई सामाजिक न्याय दिलाउन लवि गर्ने,उनिहरुको पक्षमा आवाज उठाउने र कानुनी न्यायका लागि पहल (४ वटा घट्ना सिता,कौशिल्या,जानकी,पदमा) गर्ने सामाजिक अभियान्ताका रुपमा परिचित हुन थालेका छन ।*

छाउपडी प्रथाका सम्बन्धमा महिला तथा किशोरीहरुको अभिव्यक्ति :-

**जनजागरण रिफ्लेक्ट सर्कलकी सदस्य जगत्रा विष्ट वताउन्छिन्** *पहिला आमाले सासुले छाउपडी भएको वेलामा दुध दहि खान नहुने खायो भने देवता रिसाउने र गाई भैंसी मर्छ भन्ने डरले नखाने गरेको र जव मैले छाउपडि प्रथा ले महिला माथि पुऱ्याउने नकारात्मक असर र हिंसाको सम्बन्धमा कुराहरु बुझदै गए त्यस विरुद्धको अभियानहरुमा सहभागी हुँदै गए त्यस पछि मैले छाउ भएको समयमा गाईको दुध आफु पनी खान थाले,छाउ भएको वेला छोरीलाई पनि दुध खान दिए तर अहिले सम्म मेरो गाई बाँचेकै छ त्यसैले यो समुदायका मानिसहरुको भ्रम मात्र हो भन्ने लागेको छ ।*

**किशोरी समुहकी निशा कार्की भन्छिन** *परम्पपरागत रुपमा बर्षौ देखि समाजमा कुरुती कु संस्कारका रुपमा छाउपडी प्रथाले जरो गाडेको छ । जस्को प्रत्यक्ष मारमा हामी किशोरीहरु रहेका छौ,आखिर किन यस्तो व्यवहार गरिन्छ, के साचै हामी महिनावारी भएका कारणले समाजमा अछुत भएर बस्ने हो, किन हामीलाई किन यस्तो खालको विभेद गरिन्छ , फौजदारी तथा देवानी संहिता ऐन २०७५ मा समेत यो प्रथा सम्बन्धि कानुन बनिसकेको छ तर पनि किन लागु गरिएको छैन , यदि कानुन लागु गरिदैन भने किन कानुन बनाएको , अब हामी किशोरी चुप लागेर बस्ने छैनौ , हामीलाई यस्तो खालको विभेद गरियो भने कानुनको साहयता लिनका लागी पछि पर्ने छैनौ । यो प्रथाका नाममा विभिन्न खालका विभेद अझै पनि रहेका छन । जस्को कारण प्रत्यक्ष रुपमा महिला तथा किशोरीहरु विभिन्न किसिमले पछि परेका छन् । स्वास्थ्य सरसफाई, खानपानमा,स्कुल समेत जानबाट वंचित छौ ,मानिस भैसके पछि पाउने अधिकार बाट समेत वंचित रहेका छौ । अबका दिनमा किशोरी महिलाहरुलाई यस्ता खालका अभियानमा संलग्न गराई यो प्रथालाई निर्मुल पार्नको लागी पुर्ण सहयोग रहने छ ।*

**रिफलेक्ट सर्कलकी यशोदा कार्की भन्छिनः** *समाजमा अन्य कुराहरु जसरी समाजिकरण भएर आउँछ त्यसरी नै कुरुती, कुस्काँर पनि परापुर्वकालदेखि नै समाजिकीकरण भएर आएको छ । अब कुरा रहयो यो कुसंस्कालाई कसरी परिवर्तन गर्ने । यात बुढापाकाहरुहरुलाई परिवर्तन गर्नु परयो , या त पिडकहरुलाई कानुनी दायारामा ल्याउनपर्ने कुरामा जोडदिनु परयो अनि मात्रै समाजालई परिवर्तन गर्न सकिन्छ ।*

**किशोरी समुहकी हेमा धामि व्यक्त गर्छिन** *छाउपडी प्रथा अर्थात महिनावारी विरुद्ध किशोरी समुह तथा सरकारी ,गैरसरकारी संघ संस्थाहरुले चलाएको अभियानले अहिले समाजमा विभिन्न खालका अनिष्टहरु भैरहेका छन ,विभिन्न किसिमका घटनाहरु घटिरहेका छन,यति सम्म कि अहिले को कोरना भाईरस महामारी समेत त्यसकै कारण हाम्रो गाउँघरमा आईरहेको छ,हाम्रो धर्म संस्कति विपरित भएको र चेतना अभिवृद्धिका कार्यकमहरु चलाउँदा हाम्रा ठाउँहरुमा देवि देवता रिसाएका छन,जस्का कारण गाउँघरमा अनिष्ट हुन गैरहेका कुराहरु व्यक्त गर्ने व्यक्ति,समुह आज पनि हामै समुदायमा रहेका छन जो परिवर्तन हुन चांहदैनन् यस्ता कुराहरु स्थानीय वासीहरुले सुनाउदा आफुहरुले अहिले सम्म गरेका अभियानहरुको समिक्षा गर्नु पर्ने बताईन ।*

*समाजमा अझै पनि यस्ता खालका सोचहरु भएका समुदायहरु रहेका छन । जो समुदायको संस्था तथा अन्य सरोकारवालाहरुले छाउपडी प्रथा विरुद्ध संचालन गरेका कुनैपनि कार्यक्रममा सहभागिताहरु रहेको थिएन । हेमा भन्छिन कोरना भाईरसका कारण बन्दाबन्दी भइको अवस्थामा विभिन्न सरोकारवालाहरुको ध्यान यसलाई नियन्त्रण तथा रोकथामा मात्रै बढि केन्द्रित भएका कारण छाउपडी लगायत महिला तथा किशोरीहरुले घरेलुहिंसा , महिला हिंसा र यौनजन्य हिंसाको सिकार हुनु परेको साथै घटनाहरु घटिसके पछि पनि बाहिर नाआउने जानकारी दिएका छिन । यस्ता खालका घटनाहरुको उजागर गर्नका लगी सरोकारवालाहरुको ध्यान पुनः आर्कषण हुनु पर्नेमा जोड दिईन ।*

**लक्ष्मि धामि भन्छिन** *पहिलाको भन्दा केहि कुरामा सुधार भएको छ ,महिनावारी भएको बेलामा गोठमा सुत्ने संख्यामा कमि रहेको छ,कुनै घरमा त दूध, हि समेत दिने गरका छन, भने कतिपयको व्यवहार परिवर्तनमा असहज अवस्था नै रहेको छ । महिनावारी हुदा प्याडहरु पाउनु पनि गाह्रो रहेको छ,कोरना माहामारीलाई महिनावारी संग जोड्ने गर्ने गरेका छन,यतिबेला प्रत्यक्ष रुपमा कुनै पनि जनचेतना मुलक कार्यकम गर्न नसकिएका कारण पुनः पुरानै अवस्थामा फर्किने हो कि भन्ने चिन्ता लागी रहेको छ ।*

**१२.३.अनौपचारिक तथा औपचारिक शिक्षा, स्वास्थ्य तथा सरसफाईको प्रवर्द्धन अर्न्तगत :-**

- जनमुखी नागरिक शिक्षा अर्न्तगत रिफलेक्ट सर्कलमा आवद्ध महिलाहरु सवालमा आधारित हुने छलफलमा जल्दोबल्दो महिला अधिकारसंग सम्बन्धित सवालहरुमा महिला विरुद्ध हिंसा,छाउपढी प्रथा, भुमि माथिको स्वामित्व,महिलाको राजनैतिक प्रतिनिधित्व,जातीय विभेद जस्ता सवालहरुमा छलफल तथा अर्न्तक्रिया र उक्त सवालहरु लाई अभियानको रुपमा योजना बनाई कार्यान्वयन गर्ने र हक अधिकार स्थापितको क्षेत्रमा दावी गर्ने क्षमताको विकास भई संगठित रुपमा आवाज उठाईरहेका छन ।



- के.आई.सिं.जोरायल गाँउपालिका र नगरपालिकामा संचालित ३६ वटा शुसासन कक्षा पाठशालामा प्रत्यक्ष रुपमा सहभागी १८० जना नागरिकहरुका साथै २९३४ जना महिलाहरु राज्य संरचना,सार्वजनीक सेवा प्रवाह प्रणाली,नागरिकको भुमिका,अर्थपुर्ण सहभागीता तथा योजना तर्जुमाका सम्बन्धमा सचेतीकरण भई स्थानिय निकाय वाट प्रदान गर्ने सेवा सुविधा का साथै नागरिक अधिकारको दावी गर्न थालेका छन ।

- पुर्वीचौकी गाँउपालिका र के.आई.सिं.गाँउपालिका संचालित १२ वटा कृषक व्यवशाय पाठशालामा २६९  जना कृषकहरु सहभागी भई व्यवशायिक योजना निर्माणको क्षेत्रमा क्षमता विकास भई बजारमुखी र मुल्य श्रृखलामा आधारित कृषि उपजहरुको उत्पादनमा व्यवशाय संचालनमा ल्याईरहेका छन ।

- विद्यालयको भौतिक पुर्वाधार विकास अर्न्तगत प्रदेश सरकारद्धारा कार्यक्रम अर्न्तगतको नमुना विद्यालय अर्न्तगत लाटाकलारेलाई रु ७ लाख बजेट सहयोगले घरेवार,खेल मैदान निर्माण कार्य भएको छ ।
- विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि सार्वजनिक विद्यालय अर्न्तगत शिखर नगरपालिका वडा नं.२ मा मालिका आधारभुत विद्यालयमा अंग्रेजि माध्यम बाट पढाई गरिएको छ भने वडा पालिकाले शैक्षिक स्तर उन्नोतिको लागि महाकालि मा.वि.लाई उच्च मा.वि. बनाउन नीतिगत निर्णय गरेको छ ।






- कार्यक्षेत्रका विधालयहरुले वाल मैत्री विद्यालय व्यवस्थापन र गुणस्तरिय सार्वजनीक शिक्षाको प्रवर्द्धनका जोड दिनुका साथै

महिलाहरुको यौन तथा प्रजनन स्वाथ्य अधिकारको प्रवर्धन र संरक्षणको लागि साप्ताहिक रुपमा ६ वटा विद्यालयमा कक्षा ८ देखि १२ कक्षा सम्मका विद्यार्थीहरु लाई केन्द्रित गरि यौन तथा प्रजनन स्वास्थ्य र महिनावारी स्वच्छता शिक्षा बारे सचेतीकरण कक्षा संचालन र कार्यान्वयन ले किशोरीहरुको लागि महिनावारी अवस्थामा सरसफाई, नियमित विद्यालय आउने वातावरणका लागि विद्यालयले व्यवस्थापनमा जोड दिनु पर्ने जसमा छात्रामैत्री शौचालय, सेनेटरी प्याडको उपलब्धता, चेन्जरुममा विद्यालयमा व्यवस्थापन गर्नु पर्ने सवाललाई विद्यालयले सहज वाताबरण बनाउने प्रतिबद्धता गरिएको छ ।

- कार्यक्रम संचालित क्षेत्रका विद्यालयलाई छात्रामैत्रि बनाउन बाल क्लव,किशोरी समुहको पहलमा ४ वटा विद्यालयमा छात्रामैत्रि शौचालय तथा अन्य भौतिक संरचनाहरु( भुमिराज मा.वि., केदारेश्व मा.वि,महाकाली मा.वि. र दुर्गा आ.वि ) निर्माण भएका छन ।
- के.आई.सिं.गाँउपालिका वडा नं ४ वायल वडा स्तरिय वाल क्लवको योजना अनुसार वडा कार्यालयमा पुस्तकालयको योजना पेश बमोजिम कार्यालयले पुस्तकालयका लागि १ लाख रकम विनोयोजित गरेको छ ।
- के.आई.सि. गाउँपालिकाको वडा नं. ७ भुमिराजमाण्डौमा कार्यान्वयनमा रहेको शिशु स्याहार केन्द्रमा ३५ जना बालबालिकाहरु सहभागि भएका छन् । आफना बालबालिकाहरुलाई शिशुस्याहार केन्द्रमा राखे पछि महिलाहरुको पारिवारिक कार्य बोझमा कमी, फुर्सदको अवस्थाको कारणले महिलाहरु सामाजिक कार्य,उत्पादशिल कार्यमा संलग्न हुन सकेका छन् ।
- कार्यक्षेत्रका १८१ जना किशोरीले स्वास्थ्य सुरक्षाको लागि सेनेटरी प्याड निर्माण गरि प्रयोग गर्ने गरेका छन् जसले सुरक्षित महिनावारीको प्रवर्धन गरेको छ ।
- शिखर नगरपालिकाका १९७ घरधुरिले बालविवाह नगरी नियमितरुपमा छोरा जस्तै छोरीलाई नियमित शिक्षा दिने सार्वजनिक प्रतिबद्धता गरेका छन् ।
- दि.सि.न.पा वडा न..७ मा रिफलेक्ट सर्कलले बालविवाहको प्रचलनको अन्त्य गर्नका लागि अभिभावकहरु संग छलफल गरि नियमितरुपमा छोरीलाई विद्यालय पठाउने अभियान नै संचालन गरेका छन ।
- के.आई.सिंह गाँउपालिकाले ५ वटा विद्यालय लाई नमुना विद्यालय निर्माण गर्ने १लाख ९५ हजार बजेट विनियोजित गरेको छ ।
- नागरिकको स्वास्थ्यलाई ध्यान दिदै शिखर नगरपालिका वडा नं.२ मा स्वास्थय चौकी संगको सहकार्य मा घर घरमा शुद्ध पानी पिउने अभियान अन्तंगत एक घर एक फिल्टर कार्यक्रमको योजनाको निरन्रता बमोजिम यस बर्ष थप ४७२ घरधुरिमा फिल्टर वितरण गरिएको छ भने साथै वडा ले बालबालिकाहरुमा हुने कुपोषणलाई शुन्यमा झार्ने संकल्प गरिएको छ ।
- समुहमा किशोरीहरु यौन तथा प्रजनन् स्वास्थ्यका सम्बन्धमा समुह, साथिहरुसंग मा छलफल गर्ने परिपाटीको शुरुवात भएको छ ।
- शिखर नगरपालिकामा महिला तथा किशोरी समुहले गरेका अभियानहरुले महाकालि मा.वि.का १२० जना किशोरीहरुले भागि विवाह वा बाल विवाह नगर्ने प्रतिज्ञा गरिरहेका छन् ।
- संस्थाको कार्यक्षेत्र अर्न्तगत के.आई.सिंह गाउपालिकाको वडा नं. ६ र ७ मा गर्भवति महिलाहरुको स्वास्थ्यमा देखा पर्ने समस्याहरु पहिचान गर्न तथा सेवा उपलब्ध गराउन गाउँपालिकाले अल्ट्रासाउण्डको सुरुवात गरेको छ ।

**१२.४.दिगो जीवीकोपार्जन तथा आर्थिक सशक्तिकरण अर्न्तगत :-**

- पुर्वीचौकी गाँउपालिका वडा नं.३,४ र के.आई.सिं.गाँउपालिका वडा नं.४,६,७ मा रहेका ३२ वटा कृषक समुहहरु गाउँपालीका कृषि शाखामा दर्ता गरी विभिन्न सरोकारवाला निकाय सम्म सम्बन्ध विस्तार गर्न सक्षम भएका छन् र मासिक रुपमा निरन्तर बैठक बसी समस्या को पहिचान र समाधान का उपाय बारे छलफल गर्ने गरेका छन् ।



- के.आई.सिं.गाँउपालिक र पुर्वीचौकी गाँउपालिका अर्न्तगतका वडाहरुमा संचालित १२ वटा कृषक व्यवशाय पाठशाला मा २६९  जना (महिला २५६ पुरुष १३) कृषकहरु सहभागी  भई उत्पादन, बजारीकरण, ग्रेडींग र प्रोसेसीग सम्बन्धि  नयाँ ज्ञान आर्जन गरि मुल्य श्रृखलाको अवधारणा समुदायमा लागु गर्न सक्रिय भई रहेका छन ।



- दिगो जीविकोपार्जनको क्षेत्रमा पुर्वीचौकी र के.आई.सिं.गाँउपालिकाका कृषक पाठशालामा सहभागी कृषकहरु मध्ये १२० जना कृषकहरुले व्यवशायिक योजना निर्माण गरि तरकारीको उत्पादनमा सक्रिय रहेका छन भने कृषक ब्यासायीक पाठशालामा सहभागी कृषकहरु उत्पादन लागत र विकि विचको अन्तरलाई मुल्यांकन गर्न सक्षम भई फाइदा नाफा को अवस्थालाई छुट्टयाउन सक्ने भएका छन् ।
- तरकारी उत्पादनमा संलग्न नमुना १० जना महिला कृषकले कम्पोष्ट पिट निर्माण गरि तयार भएको मल तरकारीमा प्रयोग गर्दै तरकारी उत्पादन गर्न थालेपछि अन्य समुहका ७२ जनाले पनि कम्पाष्ट पिट बनाई मल प्रयोगमा ल्याएका छन जस्ले बजार बाट मल किनेर प्रयोग गर्ने पैशाको बचत मा सहयोग पुगेको छ । ।
- के.आई.सिं.गाँउपालिक र पुर्वीचौकी गाँउपालिका अर्न्तगतका १२ जना कृषकले प्याकेज कार्यक्रम ( गोठ सुधार,  पलाष्टीक पोखरी,थोपा सिंचाई, पोलीहाउस, कम्पोष्ट पीट) को निमार्ण गरि अर्गानिक तरकारी खेतीलाई अवलम्बन गरेका छन।



- परियोजना संचालित गाउँपालीकामा १ नयाँ सिंचाई कुलो निर्माण हुँदा ५४ रोपनी जग्गा मा सिंचाई सुविधा पुग्नु का साथै, यस बाट ८० वटा घरधुरीले प्रत्यक्ष फाईदा पाएका छन् ।
- कार्यक्षेत्रका २१ जना कृषकहरु ले प्याकेज कार्यक्रम अर्न्तगत गोठ सुधार,  पलाष्टीक पोखरी,थोपा सिंचाई, पोलीहाउसमा तरकारी उत्पादन, कम्पोष्ट पीटको निमार्ण र मलको प्रयोग,जैविक विषादी प्रयोग र प्रवर्द्धन गरि अर्गानिक तरकारी खेतीलाई अवलम्बन गरी अर्गानिङ तरकारी खेती गरि माषिक ४ हजार देखि १८ हजार सम्मको आम्दानी गरि सामान्य घरखर्च चलाउने गरेको पाइन्छ ।



- तरकारी उत्पादनमा संलग्न नमुना १० जना महिला कृषकले कम्पोष्ट पिट निर्माण गरि तयार भएको मल तरकारीमा प्रयोग गर्दै तरकारी उत्पादन गर्न थालेपछि अन्य समुहका ७२ जनाले पनि कम्पोष्ट पिट बनाई मल प्रयोगमा ल्याएका छन जस्ले बजार बाट मल किनेर प्रयोग गर्ने पैशाको बचत मा सहयोग पुगेको छ ।



- परियोजना संचालित क्षेत्रका ११ वटा समुहका ३६६ जना महिला सदस्यहरुले मासिक रु ५० का दरले समुहमा वचत गरि रु २ लाख १९ हजार ६ सय बराबरको रकम समुह मै लगनी गरि साना व्यवसायमा संलग्न भएका छन् । साथै ब्यबसायिक तरकारीबाट आम्दानी हुन थालेपछि भारतमा काम गर्न गएका ८ जना पुरुषहरु घरफर्कि श्रीमतीले संचालन गरेका व्यवसायमा सहयोग गर्न थालेका छन ।



- सिलाई कटाई व्यवसायमा संलग्न रहेका समुहका ४ जना दलित र २ जना अन्य महिलाहरुले कोरोना भाइरसबाट सुरक्षित रहन घरमा ८०० मास्क तयार गरि बिकी गर्दा रु २४ हजार आम्दानी गरि लकडाउनको अवधिमा दैनिक जिवन निर्वाहमा सहज भएको छ ।
- के.आई.सिं.गाँउपालिका वडा नं.४ वायलमा रहेका ४ जना भूमिहिनहरु बाखा र वंगुर पालन व्यवशायमा संलग्न रहि ३५ हजार आम्दानी गरेका छन् जसबाट नियमित जिवन निर्वाहमा सहजता भएको छ ।
- कार्यक्षेत्रमा वडा तथा पालिकाहरु द्धारा गरिब तथा बिपन्न महिलाहरुलाई बितरण गरिएको पशु तथा बालिको बिमाको दावी गरि कार्यक्षेत्रका ७ जना महिलाहरुले (४ दलित )रु ९२ हजार क्षेतिपुर्ति प्राप्त गरेका छन ।
- आर्थिक सशक्तिकरणको क्षेत्रमा सिप विकासका लागी घरेलु तथा साना उद्योग विकास समिति वाट द्धारा भुमिराजमाण्डौका १२ जना महिलाहरु उद्यमशिलता विकास तालिम प्राप्त गरि सिप विकास भएको छ ।










- जीविकोपार्जन कार्यका लागि महिलाहरु समुह मार्फत अन्य सरोकारवाला निकाय,स्थानिय तहसंग सम्पर्क समन्वय गरि आर्थिक उपार्जन कार्यमा स्थानिय तहसंग आफना आर्थिक तथा व्यवसायिक योजना पेश गरि वजेट प्राप्त गरेका छन् जसमा शिखर नगरपालिका वडा नं.१ कपल्लेखि धुप उत्पादन सम्बन्धि सिपका लागि १लाख ५० हजार वडा नं.२ मुडेगाँउमा आरन व्यवसायमा संलग्न हुन १५ हजार वजेट विनियोजनको साथै १७ जना महिलाहरु सिलाई कटाई सिपमुलक तालिममा सहभागिता भई सिप हासिल गरिरहेका छन् ।
- कार्यक्रम संचालित क्षेत्रका ५८ जना महिलाहरुले ले समुहबाट रु ८लाख २५हजार ऋण लिई कृषि तथा गैर कृषि व्यवसायमा संलग्नत भई मासिक रुपमा ६ हजार देखि १६ हजार सम्म आम्दानि गरि भएको आम्दानी रकम लाई घर खर्च प्रयोग गरि बांकी रहेको रकम बैंकमा जम्मा गदै आईरहेका र उक्त रकम घर खर्च देखि साहुको ऋण समेत तिर्नमा मदत पुगेको छ ।
- **आर्थिक सशक्तिकरणमा गंगाको अनुभव** "सानो ५ रुपैंयाको निधारमा लगाउने टिका किन्न समेत श्रीमानको भर पर्नु पर्थ्यो भने चामल,दाल,तरकारी,लुगा किन्ने कुरामा त झन श्रीमानले पैसा नदिए कहाँ बाट किन्ने समस्या हुन्थ्यो त्यहि भएर पनि हामी महिलाहरु हेलामा पर्ने र हाम्रो कामको मुल्य नहुने पनि रहेछ । जब मैले आफनो व्यवसाय संचालन गरेर आम्दानी गर्न थाले अनि सबैले माया गर्ने,सम्मान दिने र साना तिना साहुले समेत

ऋण पत्याउने भएका छौं । मेरो श्रीमान घरमा नभएको बेला छोरालाई कापि कलम किन्ने पैसा नहुँदा कसै संग सापटी,ऋण माग्दा एक रुपैया पनी नपत्याएको अवस्थामा अहिले मेरो बारीको तरकारी देख्दा गंगा केहि सहयोग चाहिए भन्नु है समेत भन्छन तर जब म ई डि सि को सहयोगमा तरकारी व्यवसाय र कुखरा पालन व्यवशाय संचालन गरेर आम्दानी गर्न थाले जस्ले गर्दा मेरो आत्म बल बढनुका साथै आत्म सम्मान समेत बढेको छ ।"

**१२.५ सुशासन प्रवर्द्धन अर्न्तगत** :

- नागरिक समाज,संस्थाहरुका महिलाहरु स्थानिय निकायको गाँउ सभा,नगर सभा मा सहभागी भई ३१ वटा योजनाहरु वडामा पेश गरकोमा ६ वटा योजनाहरु पास गराउन सफल रहनु का साथै जनप्रतिनिधिलाई सुशासन पाठशालामा बोलाई स्थानिय शासन र सार्वजनिक सेवाका विषयमा सहजीकरण गर्न लगाउनु, वडाहरुमा नागरिक वडापत्र स्थापना गर्न लगाउनु, सामुदायिक कार्ययोजना पास गर्न वडामा पहल गर्नु, कोभिड १९ संक्रमण फैलिन नदिन स्थानिय जनप्रतिनिधिहरुसंग टोलवस्ती अभियानमा संलग्न हुनु, दलित, मजदुर र विपन्नका लागि राहतका लागि लविङ गर्नेमा सक्रियता रहेको छ ।



- संस्था द्वारा संचालन भैरहेका परियोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न बहु सरोकारवाला मञ्च, कार्यक्रम कार्यान्वयन व्यवस्थापन समिति लगायत सरोकारवालाहरुको संयूक्त अनुगमन, श्रोतको समुचित रुपमा परिचालन र कार्यान्वयनमा आवस्यक सहयोग गर्ने क्षेत्रहरुको जिल्ला तथा पालिक स्तरमा विभिन्न संरचनाले जनता प्रति उत्तरदायि र जवाफदेहि बनाउन सम्पुर्ण पक्षको सहयोगमा बृद्धि हुनु ।
- संस्था द्वारा डोटीका ३ पालिकामा स्मार्टपालिका स्थापना गर्ने उद्धेश्य अनुसार शिखर न.पा., जोरायल गा.पा. र के.आई.सिंह गा.पा.का १४,४०७ घरधुरीको तथ्यांक संकलन स्थानिय पालिकाहरुको संयूक्त सहकार्यमा कार्यान्वयन भैरहेको छ साथै शिखर नगरपालिकामा सामुदायिक सूचना केन्द्र स्थापनाका लागि सम्झौता सम्पन्न भै आवश्यक सामाग्रीहरु खरिद भई सम्झौता अनुसार नगरपालिकाले एकजना सहयोगी र कोठाको प्रबन्ध गरिरहेको छ ।



- स्थानिय सरकार द्वारा प्रदान गर्ने सेवाको सम्बन्धमा सचेत भई नागरिकहरुले सामाजिक सुरक्षा लगायत अन्य सेवा वाट प्रत्यक्ष रुपमा लाभान्वित रहि नागरिक अधिकारको सुनिश्चिततामा सहयोग पुगेको छ ।
- के.आई.सिं.जोरायल गाँउपालिका र शिखर नगरपालिका क्षेत्रका नागरिकहरुमा राज्य संरचना,सार्वजनीक सेवा प्रवाह प्रणाली,नागरिकको भुमिका,अर्थपुर्ण सहभागीता तथा योजना तर्जुमाका सम्बन्धमा सचेतीकरण भई स्थानिय निकाय वाट प्रदान गर्ने सेवा सुविधा का साथै नागरिक अधिकारको दावी गर्न थालेका छन ।
- संस्था द्वारा विभिन्न परियोजना तथा कार्यक्रमको कार्यान्वयनको माध्यम वाट स्थानिय स्तरको पालिकाहरुको बार्षिक वजेट तथा कार्यक्रमको विश्लेषण गरि सम्बन्धित स्थानिय निकाय लाई अधिकारवाला केन्द्रित कार्यक्रम तथा बजेट निर्माणमा आवस्यक सुझाव प्रदान गरिरहेको छ ।

- कार्यक्रम तथा परियोजना संचालित क्षेत्रका पालिका अर्न्तगतका कार्यपालिका तथा विषयगत निकायहरु योजना तर्जुमा प्रकृया र सामुदायिक कार्ययोजना को समस्या र आवस्यक्तामा आधारित रहेर छनौट प्रकृयाको थालनीमा जोड दिन प्रतिवद्ध रहेका छन ।
- कार्यक्रम तथा परियोजना संचालित क्षेत्रका जनप्रतिनिधिहरु योजना कार्यान्वयन र अनुगमन तथा मुल्यांकनका साथै समावेशी निति,कानुन र बजेट निर्माणमा पालिका स्तरमा अनुशरण गर्न प्रतिवद्ध रहनका साथै यस अभ्यासको थालनीमा समान बुझाई कायम रहेको छ ।
- संस्था द्वारा स्थानिय स्तरका साथै जिल्ला स्तरमा सामाजिक परिक्षण,सार्वजनीक सुनवाई,गुनासो सुनवाई संयन्त्रको विकास र परिचालन,अधिकारवाला केन्द्रित बजेट तथा कार्यक्रमको विश्लेषण र कार्यान्वयनमा समिक्षा आदी जस्ता कार्यहरुमा स्थानिय निकाय,विषयगत सरोकारवाला निकाय,अधिकारवालाहरुको सहभागीता र सहकार्य संयन्त्रको विकास र परिचालनमा ल्याएको छ ।

**१२.६..जलवायू अनुकुलन र विपद्,महामारी व्यवस्थापन अर्न्तगत** :-

- कार्यक्रम संचालित क्षेत्रमा दिगो कृषि प्रवर्धन र जलवायु अनुकुलन खेती प्रविधि लाई वढाव दिन भकारो सुधार गतिविधि तथा प्याकेज कार्यक्रमको बिस्तार (थोपा सिंचाई प्रविधि, प्लाष्टिक पोखरी,प्लाष्टिक टर्णेलमा तरकारी उत्पादन,जैविक विषादी,कम्पोष्ट मल,गोठेमल सुधार) र कार्यान्वयनमा कार्यक्षेत्रका कृषकहरुको संलग्नता निरन्तरता रहे संगै अर्गानिक तरकारी उत्पादनमा जोड दिईरहेका छन ।
- परियोजना संचालित क्षेत्रका स्थानीय निकायमा जोखिम व्यवस्थापनको लागि पहल हुन का साथै स्थानीय निकाय द्वारा विपद् ब्यावस्थापन र प्रतिकार्य,मौषम/वातावरण परिवर्तन स्थानीय निकायको प्रथमिकतामा र नियमित कार्यान्वयनमा गएको छ ।
- संस्था द्वारा कोरना भाईरस(कोभिड१९)महामारी विरुद्ध साझेदार संस्थाहरुको सहकार्यमा परियोजना तथा कार्यक्रम संचालित क्षेत्रका प्रत्यक्ष लाभान्वित घरधुरी र अन्य क्षेत्रका समुदाय लाई समेत लक्षित गरि डोटी जिल्ला अर्न्तगतका दिपायल सिलगढी नगरपालिका,शिखर नगरपालिका,के.आई.सिं.गाँउपालिका,पुर्विचौकी गाँउपालिका,जोरायल गाँउपालिका र स्वास्थ्य संस्थाहरु लाई महामारी विरुद्ध मानविय सहायताका क्षेत्रमा सहयोगका गतिविधिहरु संचालन र कार्यान्वयन वाट प्रत्यक्ष रुपमा सहयोग पुऱ्याएको र मानविय सहायता सहयोग गरिएको छ ।



- सुत्केरी तथा गर्भवती महिलाहरुको पोषणलाई लक्षित गरि खाध सामाग्री र स्वास्थ्य सामाग्रीहरु वितरण गरियो ।
- कोरोना महामारी तथा कोभिढ १९ को संक्रमणको रोकथाम, नियन्त्रण र व्यबस्थापनमा संस्थाले जिल्ला स्वास्थ्य, स्थानिय तहका २३ वटा स्वास्थ्य संस्थामा १ वटा निजी अस्पतालमा कोभिढ १९ कवज, सामग्री, ४८४ घरधुरीका दलित, विपन्न, मजदुर, हलिया समुदाय, गर्वपति महिला, सुत्केरी आमाको पोषणका लागी राहत खाद्य तथा कोभिढ किट सामग्री वितरण र कोरना भाइरस(कोभिड१९)महामारी विरुद्धका गतिविधि संचालन र कार्यान्वयनमा जवाफदेहिता र पारदर्शिताका लागी सुचना तथा संचार सामाग्री लाई माध्यम बनाईएको छ । जो **<u>अनुसूचि – १,२रहेको छ ।</u>**



- **कोरना महामारी विरुद्ध सिलाई कटाई व्यवसायमा संलग्न रहेका समुहका ४ जना दलित र २ जना अन्य महिलाहरुले कोरोना भाइरसबाट सुरक्षित रहन घरमा ८०० मास्क तयार गरि ४ हजार**



आम्दानी गरि लकडाउनको अवधिमा दैनिक जिवन निर्वाहमा सहज भएको छ ।

- व्यवसायमा संलग्न महिलाहरुले कार्यक्षेत्रका ४ वटा क्वारेन्टाइनमा रहेका व्यक्तिहरुलाई ४ केजि च्याउ, १२ केजि तरकारी , ६ केजि दाल, ४ बिटा दाउरा सहयोग गरेका छन ।

**१२.७.वाल प्रायोजन अर्न्तगत** :-

- कार्यक्षेत्रका ११०७ जना वालवालिकाहरु मध्ये १०५९ जना वालवालिकाहरुको वाल सन्देश संकलन भएको मा ३८ जना वालवालिकाहरु आमा बुवा संगै भारत गएका थिए भने १० जना वालवालिकाहरु पढाईको सिलसिलामा कार्यक्षेत्र भन्दा बाहिर रहेका छन ।
- प्रायोजित ११०७ जना वालवालिकाहरु मध्ये ३२ जनालाई सर्पोटर बाट गिफ्टहरु प्राप्त भई वितरण भएकोछ ।
- कोरना भाइरस(कोभिड१९)महामारी वाट लकडाउनको समयमा ५८ जना प्रायोजित वालवालिकाहरुका अभिभावकहरुले राहात प्राप्त गरेका छन । भने कार्यक्षेत्रका रहेको क्वारेन्टाईनहरु मा ९७ जना प्रायोजित वाल वालिकाहरुका अभिभावक रहेका छन ।

**१२.७.कार्यक्रम तहमा भए गरिएका सम्पर्क, समन्वय र सहकार्यमा वृद्धि** :-

- संस्थाले बार्षिक रुपमा तथा कार्यक्रम र परियोजनाको समग्र योजना र वजेट स्थानिय तहमा पेश गरि स्वकिृतिका आधारमा कार्य संचालन गरेको छ ।
- संस्था र के.आई.सिं.गाँउपालिका,जोरायल गाँउपालिका र शिखर नगरपालिकाको सहकार्यमा डिजिटल घरधुरी सर्भेक्षण,स्मार्ट पालिका अर्न्तगतका सम्पुर्ण गतिविधिहरु कार्यान्वयन भैरहेको छ ।
- स्थानिय प्रशासनको अगुवाईमा स्थानिय तहसंगको समन्वयमा सामुदायिक प्रहरी र यस क्षेत्रमा क्रियाशिल संस्थाहरुको सहकार्यमा डोटीका विभिन्न क्षेत्रमा छाउपडी प्रथा विरुद्ध अभियान संचालन ले छाउपडी गोठ लाई निरुत्साहित गरि महिनावरी भएका महिलाहरु लाई सुरक्षित स्थानमा बस्न सक्ने वातावरणमा सहयोग भैरहेको छ
- कार्यक्षेत्रका महिला तथा किशारीहरु वडा कार्यालय ,नगर गाउँपालीकाले दिने सेवा सुविधा प्रति जानकारी हासिल गरि वडा तथा नगरपालीकामा आवश्यक योजना पेश गरी सेवा सुविधाहरु प्राप्त गरिरहेका र स्थानिय निकायहरु सकारात्मक रुपमा सहयोग गर्नका साथै महिला तथा किशोरीहरुले संचालन गर्ने अभियानहरुमा ऐक्यवद्धता र सहयोगको निरन्तरता दिइरहेका छन ।
- किशोरीहरुको अभियानका लागि के.आई.सिंह गाउपालिका वडा नं.६ र ७ ले ६०हजार र शिखर नगरपालिका ले महिला मैत्रि शौचालय निर्माणको लागि ७ लाख बजेट उपलव्ध  गराई निर्माण भएको छ ।
- स्थानिय पालिकाहरुले समुदायका नागरिकहरुले निर्माण गरेका सामुदायिक कार्ययोजनामा सहयोग गर्ने गरेको जस्ले नागरिकहरु राज्यको सेवा सुविधालाई सहज रुपमा प्राप्त गर्ने वातावरण तयार भएको छ ।

१३.**कार्यक्रमको परिवर्तन तथा प्रभाव** :-

- स्थानिय निकाय अर्न्तगतका संरचनाहरुमा महिलाहरुको प्रतिनिधित्व र सहभागीतामा वृद्धि गर्नका साथै महिला तथा किशोरीहरुको अभियान लाई समान चासोको विषयमा हेरी स्थानिय निकायका जनप्रतिनिधी लगायत सरोकारवालाहरुको ऐक्यवद्धताका साथै महिलाहरुले स्थानिय निकायमा पेश गरेका योजनाहरुमा सकारात्मक धारणा सहीत महिलाका पक्षमा योजनाको कार्यान्वयन र सहयोगी भुमिका निर्वाह गर्ने वातावरण रहेको छ ।
- महिला विरुद्धको हिंसा, कुरितिमा आधारित हिंसाले महिलाहरुमा पारेको असरलाई कमी ल्याउन, महिला अधिकार र महिलाहरुको पक्षमा आवाज उठाउन पुरुषहरुको संलग्नता हुनुको साथै छाउपडी प्रथा विरुद्ध स्थानिय स्तरका धामी झाक्रीहरुको सक्रियता बढेको छ ।
- महिलाको भुमि माथिको स्वामित्व स्थापित गर्न एकल तथा संयुक्त लालपुर्जा बनाउने कार्यमा स्वयं महिला सक्रियता र घरपरिवारको सहयोगले महिलाको भुमि माथि स्वामित्व स्थापित गर्ने कार्यले निरन्तरता पाउदै गएको छ ।

- स्थानिय स्तरमा आर्थिक सशक्तिकरणको क्षेत्रमा व्यवशायमा संलग्न महिलाहरुको कार्यप्रति सकारात्मक रहि कामको खोजीमा भारत गई काम गर्ने केही पुरुषहरुमा श्रीमतीको कामको सहयोग गर्नुपर्दछ भन्ने मान्यता वाट आफनै घर र परिवारमा रहेर नै व्यवशायमा सहयोगी भुमिका निर्वाह गर्ने वातावरण तयार हुन थालेको छ ।
- दिगो कृषि प्रवर्द्धनको क्षेत्रमा परियोजना तथा कार्यक्रम संचालित क्षेत्रका कृषि व्यवशायमा संलग्न महिला पुरुष कृषकहरु दिगो कृषिका प्रविधिहरुको अवलम्बन र विस्तार कार्यमा संलग्न रहि समुदायमा अर्गानिक तरकारी उत्पादन कार्यमा सक्रिय हुन थालेका छन ।
- परियोजना संचालित क्षेत्रका विद्यालयहरुमा किशोरी मैत्रि शौचालय र सेनिटरी प्याड र चेन्जरुम,महिला शिक्षक सम्पर्क व्यक्तिको रुपमा व्यवस्थापन हुदा कार्यक्षेत्रका किशोरीहरुको नियमित विधालयमा आउने वातावरण श्रृजना भई उनीहरुको अध्ययनमा थप सहयोग पुगेको छ ।
- स्थानिय पालिका स्तरमा संचालित सुशासन कक्षा पाठशालामा स्थानिय निकायको जनप्रतिनिधिहरु लाई पाहुना सहजकर्ताको रुपमा परिचालन गर्दा उनीहरुको अनुभव आदान प्रदान हुनुको साथै स्थानिय सरकारको जिम्मेवारी र भुमिकाको सम्बन्धमा थप जानकारी प्राप्त गर्न सहयोग पुग्न जान्छ ।

**१४.आईपरेका समस्या र समाधानका उपायहरु :-**

- महिला हिंसा तथा घरेलु हिंसाका घट्नाहरु लाई न्यूनिकरण गर्न समुदाय तथा परिवारका मान्छले कुराकाट्ने, हेप्ने भय त्रासले गर्दा अझै पनि पिडीत महिलाहरुमा कानुनी उपचारका लागी तत्परता नदेखिनाले पिडकहरुलाई थप सहयोग हुने गरेको छ । जसमा स्थानिय स्तरमा निगरानी संयन्त्रको विकास र परिचालन गरिनुपर्ने ।
- समुदायका महिला तथा सरोकारवाला निकायहरु सामाजिक तथा धार्मिक मुल्य मान्यता प्रति बढि आस्थावान भएको हुदा महिलाका सवाललाई महसुस गराउन धमि, झाक्रि पंडित पुजारी तथा धार्मिक सरोकारवालाहरुको विभिन्न सार्वजनिक कार्यक्रमहरुमा सहभागीता बढाउनु पर्ने र छाउपडी प्रथा तथा महिला हिंसा विरुद्ध सकारात्मक सन्देश प्रवाहका लागी प्रेरीत गर्नुपर्ने ।
- स्थानिय स्तरमा संचालित परियोजना तथा विकासका सकारात्मक असल अभ्यास लाई स्थानीय निकायले अनुशरण गर्ने प्रवृतिको विकास नहुदा संचालित योजना र कार्यक्रमको दिगोपनाको सुनिश्चितता नहुनु । जसमा संस्था लगायत नागरिक समा संस्थाले गाँउ सभा, नगरसभाका योजना र कार्यक्रममा अधिकारवालाहरुको समस्या र आवश्यक्तामा आधारित रहि सुझाव सल्लाह सुझाव पेश गरिनु ।
- सामुदायिक कार्ययोजना लाई स्थानिय पालिकाका जनप्रतिनिधिहरुले नागरिक समाज,संगठनको मात्र चासोको विषय हो भन्ने धारणा र वृहत रुपको योजनाको रुपमा हेरिनु जस्को लागी सामुदायिक कार्ययोजनाले स्थानिय पालिकाको योजना लाई समेत सहयोग गर्ने अवधारणागत रुपमा जानकारी प्रदान भएको छ ।

१४. **सिकाई** :-

- संचालित परियोजना तथा कार्यक्रम तर्जुमा प्रक्रिया देखी कार्यान्वन र उपलब्धि सम्म आन्तरिक समन्वय , समुदाय र सरोकारवालाहरु विचको निरन्तर समन्वय र सहकार्यमा थप सुदृढ गरि सेवाको गुणस्तर, प्रविधिको प्रवर्द्धन, जवाफदेहीता र आन्तरिक सुशासन लाई नीतिगत र व्यबहारीक रुपले सुधार गर्न सकिने ।
- संस्था बाट हुने हरेक कार्यहरुमा संस्थाको आधारभुत (भुई मानिस) वर्ग र समुदायको छनौट, स्रोत साधनको समावेशी र समानुपातिक वितरण र उचित प्रयोगले मात्र विपन्न समुदायको गरिवी न्यूनिकरण गर्न सकिने ।
- सामुदायिक विकास, प्रविधि हस्तान्तरण गरि स्थानिय रोजगार प्रवर्द्धनका लागी नागरिक समाज संस्थाको क्षमता, विषयगत दक्षता र साभेदार संस्थाका रुपमा संस्थागत प्रवर्द्धनका लागी थानिय तहले सकारात्मक भुमिका र बातावरण निर्माण गर्नु पर्ने ।
- आर्थिक सशक्तिकरणको क्षेत्रमा महिलाहरु लाई व्यवशायमुलक एंव रोजगारमुलक कार्यमा संलग्न गराई आत्म निर्भर बढने र घरपरिवार, समाजिक हैसियतमा नै परिवर्तन आई महिला माथी हुने हिंसामा कमि ल्याउन सहयोग पुग्ने ।

**१६.मिडिया परिचालन :-**

- सामाजिक न्याय तथा मानव अधिकारको संरक्षणको क्षेत्रमा स्थानिय एफ.एम.द्धारा(जातीय छुवाछुत,महिला हिंसा,छाउपडी प्रथा,वाल विवाह विरुद्ध,महिलाको आर्थिक सशक्तिकरण आदी)स्थानिय समुदायको घटना,अनुभव र सिकाइ, संवाद र जिंगलहरुको नियमित रपमा प्रशारण गरि आम जनमानसमा जनचेतना अभिवृद्धि गर्ने कार्य भइरहेको छ ।
- कोराना भाइरसको जोखिममा रहेका समुदाय तिनका परिवार र संभावित जोखिमबाट अन्य समुदायलाई पर्न जाने असरबाट सर्तकताका लागि स्थानिय रेडियो मार्फत सन्देश प्रवाहले सचेतनामा सहयोग पुगेको छ ।

**सफलताको कथा**

**“ म आफु नि छाउगोठमा बस्दिन र छोरी लाई नि बस्न दिन्न ”**



के.आई.सि गा.पा ४ वायलको कारीगाउँमा घर भएकि ३२ बर्षिय ललिता नेपाली भन्छिन “छाउगोठमा बस्दा मैले जुन दुःख र पिडा भोक्नु पऱ्यो म चाहन्न त्यहि पिडा र दुः ख मेरी छोरी लगायत गाउका अन्य चेलिबेटिले नपाउन जब हाम्रो गाउँमा रिफलेक्ट सर्कलमा छाउपडि प्रथा न्यनिकरणका लागि छलफल हुन थाले अनि म भित्र पनि छाउपडि प्रथा अन्त हुनु पर्छ भन्ने धारणामा बिकास भयो र परिवर्तन आफ्नै घरबाट गर्दा अरुलाई सिकाई  हुनुका साथै यस्तो गर्नु हुदैन यो गलत प्रथा हो महिनावारी भएकि महिलाहरुलाई घर भित्र राख्दा कुनै असर पर्दैन भन्न पनि सकिने हुदा म आफै पनि घर भित्र सुत्न थाले र छोरीलाई पनि भित्र सुताउछु दहि दुध जस्ता पोषिलो खाने कुरा पनि खान्छौ । ”के.आई.सि गा.पा ४ वायलको कारीगाउँमा घर भएकि ललिता नेपाली लालिगुराँस रिफ्लेक्ट सर्कलकि एक सक्रिय सदस्य हुन । उनको घरमा २ वटा छोरी , २ वटा छोरा, सासु, श्रीमान र आफु गरि ७ जनाको परिवार छ । महिनावारी हुनु अगाडि नै नातिनीको गोडा धुएर मर्न पाए पार लाग्थ्ये भन्न उनका बाजेको जिद्दीले गर्दा ललिताको १४ वर्ष कै उमेरमा विवाह भयो । विवाह गरेको ४ महिना पछि उनि पहिलो रजस्वला भईन । उनकि सासुले आफ्नो घरमा ठाउँ नभए पछि छिमेकिको गोठमा सुत्न पठाएको र नयाँ ठाउँमा भरखरै विवाह गरि आएको कसैलाई पनि चिनेको अवस्था थिएन । त्यस माथि छिमेकिको गोठमा सुत्दा निकै डर लाग्ने र रात भरि आमालाई सम्झी रुने कुरा ललिता भन्छिन । लाउने , खाने , साथिहरुसँग घुम्ने डुल्ने अवस्थामा सुख्खा रोटीमा नुन हालेर खानु पर्दथ्यो यसका साथै घरभन्दा टाढाको धारामा बिहानै नुहाउन जाँदा र २१ दिन सम्म त्यो छाउगोठमा आमालाई सम्झेर रुनु पर्ने अवस्था सम्झीदा साचै नै दयनिय छ । जुन गोठमा उनि बस्थिन त्यो गोठको झ्याल ढोका केहि नभएको र राति स्यालहरुले कराएर पनि सुत्न कठिनाई हुने अनुभव उनिसंग छ । यसरी बालबच्चा नहुदा सम्म उनि अर्का कै गोठमा बसिन जब उनको पहिलो सन्तान भएपछि छोरीको मायाले पनि सासु र श्रीमानले आफ्नो घरको गोठमा राख्न थाले खान भने उहि सुख्खा खाना हुन्थ्यो । यस्तो अवस्था ललिताको मात्र नभएर गाउँका अरु धेरै महिलाहरुको थियो । ललिता भन्छिन “ आखिर कहिले सम्म भोक्ने यो समस्या आफुले त भोक्यौ भाक्यौ तर छोरीहरुलाई यस्तो दुः ख नदिने भन्ने सोचे पनि समाजको डरले यो प्रथालाई मान्नै पर्थ्यो । गाउँका एक दुई जनाले पनि यो प्रथाको बिरोध गरे आफु र छोरी दुवै जना घर भित्रै सुत्ने दहि , दुध खान्थ्यौ लाग्थ्यो । यसै अवस्थामा जब मैले स्थानिय अधिकार कार्यक्रम मार्फत  बिभिन्न सचेतनामुलक अभियानमा सहभागि हुन थाले, रिफलेक्टमा सहभागि हुन थाले , विभिन्न तालिमबाट मेरो क्षमता विकास हुन थाले जसले मलाई सामाजिक कुप्रथा अर्न्तगत छाउपडि प्रथाले हाम्रो समुदायमा पारेको असरहरु र यसले हामिलाई हरेक क्षेत्रमा अगाडि बढ्न बाधा पुऱ्याएको अवस्थाको जस्ता धेरै कुरा सिक्ने मौका पाए । छाउपडि जस्तो कु प्रथालाई हटाउनु पर्छ भन्ने आत्मबल आएर परिवर्तन आफैबाट शुरु गर्ने अठोट गरे । मेरो टोलमा म मात्र एक जना महिला गोठ भित्र बसेको हुदा सबैले कुरा काटी रहे तर मैले कसैको केहि वास्ता गरिन । छोरी पनि ठुलि भइ किशोरी समुहमा आबद्ध भएर धेरै कुराहरु बुझ्ने र अरुलाई सिकाउने भई सकेकि थिई र छाउपडि प्रथा विरुद्धका अभियानमा

संलग्न हुन थाले पछि उनले गोठमा बस्न मान्ने कुरा पनि भएन । सुरुसुरुमा त सबैले धेरै कुरा काटे तर मेरो जस्तै चेतना सबैमा बढ्दै गएपछि अहिले हाम्रो गाउँका पनि ८ जना महिलाहरु घर भित्रै सुत्छन र पोषिलो खानेकुरा खान्छन ।

- **"एक कक्षा नपढेको भए पनि ठुला ठुला योजनाहरुमा काम गर्न सक्छु "**

यहि दि.सि.न.पा ४ राजपुर घर भएकि सन्जी नेपाली उमेरमा पनि पाको नै हुनु हुन्छ । अहिले उनलाई ४७ वर्ष भयो तै पनि उनमा हिम्मत र साहस भने कुनै जवान मान्छेको भन्दा कम छैन । उनि भन्छिन "म एक कक्षा पनि पढेको छैन मलाई आफ्नो नाम लेख्न बाहेक अरु केहि आउदैन तर म समुदायका सबै दिदी बहिनिहरुलाई अगाडि बढाउन कहिल्यै पछाडी पर्दैन । आफ्ना गाउँका दिदी बहिनिहरुको ज्यालामा समानता ल्याउन र गाउँको बिकासको लागि , महिलाहरुले सबै काम गर्न सक्छन भन्ने पार्नको लागि पनि मैले यो बर्ष वडामा समुहको सहयोगमा ४ लाख को बाटो निर्माण योजना पेश गरि उक्त कामलाई समय मै सहि ढङगले सम्पन्न गरेकि छु ।"

बिगत देखि सम बिकास केन्द्र नेपालका हरेक कार्यक्रमहरुमा सहभागि हुने मौका पाई याहा सम्म पुग्न सफल रहेकि सन्जी साचै नै परिवर्तन र सकारात्मक सोच भएकि महिला हुन सानै उमेरमा विवाह भए पछि श्रीमानको घरमा नबसि माइत भाग्ने, श्रीमान, सासुससुराले सानै केहि थाहा नपाउने , घरको काम गर्न पनि नजान्ने भनेर उनलाई कसैले माया गर्दैनथे । उनका छरछिमेकमा पनि उनका सासुससुरालाई कस्ती एक ढङ्ग नभएकि बुहारी परी भनेर कुरा लगाउथे । उनको बैवाहिक जीवन निकै समस्या र चुनौतिमा बितेको कुरा उनले बताउछिन । बजार नजिक भए पनि उनि बस्ने टोलका मानिसहरु हरेक कुरामा पछाडि छन । दलित बस्ति भनेर पनि उक्त बस्तिमा पाइने सेवा सुविधा अरु ठाउँ जाने त्यहाका बासिन्दा सधैं दैनिक ज्यालादारीमा काम गर्ने त्यसमाथी ज्यालामा ठगि रहेको अवस्थामा सन्जीले पनि अरु छिमेकिहरु जस्तै आफ्नो जीवनको गुजरा गरि रहेकि थिन । उनको भनाई अनुसार सरकारी कार्यलयमा समेत उनिहरुमाथी दलित भनेर हेपचेप गर्ने र कुनै पनि बिकासे योजनाका कामहरु उक्त बस्तिमा नहुने भए गरेका काममा पनि उक्त समुदायका दलित वर्गलाई काहाबाट आयो कसरी आयो भन्ने कुराको बारेमा कुनै जानकारी नगराउने समेत हुन्थ्यो । दलितका योजना , महिलाका योजना कस्ता हुन्छन, काहाबाट यी योजना आउँछन भन्ने कुरा नै नबुझि अलमल्ल थिए । सन्जीले जब सहयोगि हातको रुपमा ई डि सि को साथ पाइन उनि यस संस्थाका धेरै कार्यक्रमहरुमा सहभागि हुने मौका पाउने क्रममा उनले नेतृत्व सिप बिकास तालिम पनि प्राप्त गरिन । त्यस पछि उनले नेता भनेको केहो , नेता कसरी बन्ने, नेतामा हुनु पर्ने असल गुणहरु र असल नेतृत्व कसरी लिने भन्ने कुराहरु उनले सिक्ने मौका पाइन । यसका साथै दलितका , महिलाका योजना भनेका के हुन यि योजनाहरु काहाबाट आउँछन भन्ने कुराको बारेमा जानकारी प्राप्त गरिन । अहिलेको अवस्थामा पनि बस्ति भेला गरि योजना छनोट गर्ने कार्य उक्त बस्तिमा नभए पछि सन्जीको नेतृत्वमा रिफ्लेक्ट सर्कलका ३२ जना महिलाहरुले उक्त टोलमा खाने पानी , बाटो निर्माण र महिलाहरुको सिप तथा क्षमता अभिबृद्धि गर्न सिलाईकटाई तालिम गरि ३ वटा योजना पार्न सफल भईन । उक्त गाउँका अन्य व्यक्तिहरुको भनाई छ महिलाहरु कै पहलमा उक्त टोलमा पहिलो पटक योजना परेका हुन । यसरी ३ वटा योजना मध्ये ४ लाखको गोरेटो बाटो निर्माणको योजनामा उनले आफै नेतृत्व लिईन सबैको सहमतिमा र २ वटा योजनाका कामहरु पनि महिलाहरुले नै नेतृत्व गरेको कुरा उनि बताउँछिन । यसै अवसरमा सन्जी भन्छिन " आफु १ कक्षा पनि नपढेको भए पनि ई डि सि को सहयोगमा मैले धेरै कुराहरुको बारेमा जानकारी प्राप्त गरि याहा सम्म पुग्ने सके जब मैले नेता भनेको केहो, असल नेता कसरी बन्ने , नेतृत्व कसरी लिने भन्ने बारेमा जानकारी हासिल गरे तब मलाई यस कुरामा हिम्मत बढ्यो हामि त धेरै पछाडि पो रहेछौ भन्ने कुराको महसुस भयो र आफुले सिकेका कुरा सबै दिदी बहिनीहरुलाई पनि सिकाए अहिले हामिले आफुले नेतृत्व लिएको काममा र जसले नेतृत्व लिए पनि ज्यालामा समानता ल्याउने गरेका छौ त्यसैले ई डि सि नेपाललाई धेरै धन्यवाद दिन्छौ । "

परिवर्तन आफैबाट शूरु गर्नु पर्छ

**दिपायल सिलगढी नगरपालिका वडा नं ७ लेकपाकरी बस्ने वर्ष ३० कि देवि विष्ट बस्ने समुदायमा अझै पनि विभिन्न खालका रुढिवादी सोच भएका मानिसहरु छन् । पारिवारिक रुपम घरमा श्रीमान , २ छोरा र २ छोरी गरि ६ जनाको परिवार छ । उनि रिफेक्ट सर्कलमा आबद्ध छिन रिफलेक्ट सर्कलमा महिला हिंसा छाउपडी प्रथा बाल विवाह विरुद्धका सवालहरुमा गएिका छलफलहरुमा नियमित रुपमा सहभागि भई अभियानमा संलग्न हुदै आएकी हुन । विशेष गरि छाउपढी प्रथा बाट भोग्नु परेको समस्याबाट सचेत हुदै छाउपडी प्रथा मानिसले बनाएको एउटा सामाजिक कुप्रथा हो र यसलाई हटाउन आफैबाट पहल गर्नु पर्छ भन्नेमा सचेत भई समाजले आफुलाई सजिलो बनाउनुका लागी विभिन्न किसिमका भ्रमहरु फैलाएका रहेका छन भन्ने विश्वास भए संगै यस्ता खालका रुढिवादीहरुलाई हटाउनुका लागी आफुलाई परिवर्तन हुनु जरुरी छ भन्ने संकल्प गरिन र हाल उनी महिनावारी हुदा सुरक्षित ठाउँमा सुत्ने , घरमै पालेको गाईको दूध खाने गर्दछिन । अहिले पनि समाजले बनाएको**

**नीति नियम मान्ने गरेको तर अबका दिनमा आफु पनि नमान्ने र आफनो समुदायमा पनि महिला हिंसा विरुद्ध आवाज उठाउने र समाजलाई परिवर्तन गर्नका लागी आफु लागी पर्ने कुरामा प्रतिवद्ध रहेकि छिन । साथै उनि आत्म निर्भर बन्न आर्थिक उपार्जनका कार्यमा समेत संलग्न भई समुहमा रहेको विउपुजि कोषबाट समुहको निर्णय अनुसार २१ हजार ऋण लिई २ वटा बाखा किनेर बाख्रा पालन गरिरहेकी उनी व्यक्त गर्छिन समाजलाई सामाजिक परिवर्तन संगसंगै आर्थिक रुपमा पनि महिलाहरु सक्षम भयो भने समुह तथा समुह बाहिर रहेका महिलाहरुको आत्मबल बढाउनुका लागी प्रोत्साहन गर्ने बताउँछिन ।**

### *आर्थिक सशक्तिकरणको क्षेत्रमा सक्रिय गंगा*



"सानो ५ रुपैंयाको निधारमा लगाउने टिका किन्न समेत श्रीमानको भर पर्नु पर्थ्यो भने चामल,दाल,तरकारी,लुगा किन्ने कुरामा त झन श्रीमानले पैसा नदिए कहाँ बाट किन्ने समस्या हुन्थ्यो त्यहि भएर पनि हामी महिलाहरु हेलामा पर्ने र हाम्रो कामको मुल्य नहुने पनि रहेछ । जब मैले आफनो व्यवसाय संचालन गरेर आम्दानी गर्न थाले अनि सबैले माया गर्ने,सम्मान दिने र साना तिना साहुले समेत ऋण पत्याउने भएका छौ । मेरो श्रीमान घरमा नभएको बेला छोरालाई कापि कलम किन्ने पैसा नहुँदा कसै संग सापटी,ऋण माग्दा एक रुपैया पनी नपत्याएको अवस्थामा अहिले मेरो बारीको तरकारी देख्दा गंगा केहि सहयोग चाहिए भन्नु है समेत भन्छन तर जब म ई डि सि को सहयोगमा तरकारी व्यवसाय र कुखरा पालन व्यवशाय संचालन गरेर आम्दानी गर्न थाले जस्ले गर्दा मेरो आत्म बल बढनुका साथै आत्म सम्मान समेत बढेको छ ।"

### *प्याकेज कार्यक्रम कृषकको सहयोगी भएको छ*

सुदुरपश्चिम प्रदेशको डोटी जिल्लाको के.आई.सिंह. गाउँपालीका ७, भुमीराजमाण्डौ को फलेडी टोलको प्रगतिशील कृषक समुहमा २५ जना कृषक आबद्ध रहेका छन् । समुहका सबै सदस्य पशुपालन र प्राङ्गारिक तरकारी खेतीमा रमाउँदै अएका छन् शिक्षा को हिसाबले साक्षर मात्रै भएता पनि अहिले सबै टोल प्रागारिक तरकारी खेतीको रुपमा रुपमा चिनिएको छ । उनीहरुको भनाई अनुसार सबै सदस्यले पशुपालनको रुपमा गाई, गोरु र बाखा पाल्ने गरेका छन । दिगो जीबीकोपार्जन प्रर्वद्धन परियोजना लागु हुन भन्दा पहिला समुहका सबै सदस्यहरुको परम्परागत रुपमा रहने घर सहितको गोठ (गाई,गोरु,बाख्राहरु) सबै पशुहरु एउटै ठाँउमा भएका कारण गोवर र पिसाबको उचित संकलन र ब्यावस्थापन गरेका थिएन जसकारण गोठको भुईभरी हिलै हिलो हुने गर्थ्यो,गोठ भित्र रहेका पशुहरु लाई घाँसपानी दिन र सजिलै आउन जान गाह्रो हुन्थ्यो अझ वर्षा याममा गोठभित्र पानी पसेर गोवरलाई पानीले झन हिलो बनाई दिने भएकोले पशुहरुलाई गोठमा वस्न र दाना घाँस खान गाह्रो हुन्थ्यो फोहरकै कारण भान्सा सम्म दुर्गन्ध आउने गाई गोरुका खुट्टा पाक्ने, छालामा घाउँ हुने, मुखमा खटिरा आउने र स सना किराहरुले सताउने गथ्यो जस्ले गर्दा वर्षिक रुपमा पशुको उपचारमा ३ हजार देखि ४ हजार रुपया सम्म खर्च हुन्थ्यो । खेत जोत्न र दुधका लागी मात्र रहरले नभएर करले पशु पाल्ने गरेको कुरा भक्त बहादुर बताउँछन् जब वि.स. २०७४ सालमा सम विकास केन्द्र नेपाल डोटी द्धारा संचालित दीगो जीबीकोपार्जन प्रर्वद्धन परियोजना हाम्रो गाँउमा लागु भयो । कृषक समुह गठन भयो समुहमा सबै २५ जना कृषक आवद्ध भयौ कृषक समुहमा प्याकेज कार्यकम को बारेमा छलफल हुँदै गर्दा हामीले यसको फाइदा र वर्तमान समयमा यसको महत्व वारे बुझ्यौ । समुहबाट प्याकेज कार्यक्रम गर्नको लागी माग राख्यौ र डिसिय नेपालको आर्थिक सहयोग सम विकास केन्द्र नेपालको सहजीकरण र लिवर्ड को प्राविधिक सहयोगमा हामीले गोठको भुई पुरै पलाष्टर गरी दाना घाँस खाने दुई पिसाब वग्ने नाली, पिसाब संकलन हुने ट्यांकी निर्माण(गोठ सुधार) भकारो सुधार,पलाष्टीक पोखरी, पोलीहाउसमा तरकारी खेती,थोपा सिंचाई जडान, खेर जाने गाई,भैसीको मुत्र संकलनमा सहयोग भयो र संकलन भएको मुत्रलाई तरकारी वालीमा प्रयोग गर्ने र जसले गर्दा किटनाशक औषधी र रासायनिक मल किन्न र पशुहरुमा लाग्ने रोगको समस्याहरु कम भएका कारण पशु उपचारमा लाग्ने खर्चहरु समेत बचत भएको छ । पहिला तरकारीमा पानी हाल्नको लागी टाढाबाट पिठ्युमा बोकेर पानी ल्याउनु पर्थ्यो र बारीमा आवश्यक मात्रामा चाहे जती सिचाई गर्न गाह्रो थियो भने अहिले जब पलाष्टिक पोखरी निमार्ण गरे त्यस पछि खेर गई रहेको धाराको पानी थोपा सिंचाईको ड्रममा हाल्ने र तरकारी वारीमा प्रयोग गर्ने गरेका छौ । यसले गर्दा हाम्रो अनुभवमा पहिलेको भन्दा अहिलेको वारी सिचाई गर्नको लागी लगभग ८० प्रतिशत पानीको उपलब्धता भएको छ । पोलिहाउँस निमार्ण गरेपछि विभिन्न किसिमका मौषमी तथा वेमौषमी तरकारीहरु उत्पादन गर्नमा सहज भएको छ । एक सिजनमा एउटा पोलिहाउँस भित्र लगभग १२०० देखि १५५० केजी प्रती घरधुरी उत्पादन हुने र अनुपातमा बार्षिक प्रति सदस्य १लाख १८ हजार सम्म आम्दानी गर्ने गरेका छौ । वेमौषममा पनि प्राङ्गारिक तरकारी उत्पादन गर्नको लागी एकदमै सहज भएको छ । अहिले तरकारी खेतीबाट मासिक ५हजार देखि ७ हजार सम्म आम्दानी हुने गरेको र सोही आम्दानीबाट २ वटा छोराहरुलाई वोर्डिङ्गमा पढाउने गरेको र घरखर्च चलाउने गरेको छु भक्त बहादुर धामी बताउँछु ।

हाल भकारो सुधार पछि करले नभई रहरले पशुपालन गर्ने गरेको छु । आजकाल छोराहरुले पनि पशुहरुलाई दाना पानी दिन साह्रै सजिलो मानछन् । आजकाल दुधमा पनि पहिलाको जस्तो गोबरको गन्ध नआउने हुँदा दुध पनि स्वादिलो भएको अनुभव भक्त बहादुर सुनाउछन् ।कुनै वेला पशुपालन र तरकारी खेती भारत जाने मनसाय बनाएका भक्त बहादुर प्याकेज कार्यक्रम निमार्ण गरेपछि पशुपालनलाई निरन्तरता दिदै थप तरकारी खेती सुरु गरी आयआर्जन गर्न थालेका छन् । यसरी कम लगानीमै गर्न सकिने भकारो सुधार र टनेल निमार्ण र थोपा सिचाई जडानले पशुको स्वास्थ्यमा सुधार ल्याउने, पानीको कम प्रयोग हुने खेर गईरहेको पानी संकलन गरी सिचाई गर्न सकियो । खेर गई रहेको मुत्रलाई संकलन गरी मुत्रलाई मल र विषादीको रुपमा प्रयोग गर्न सकिने र पोलिहाउस भित्र उपयुक्त तापक्रम सुजना गरी वेमौषमी तरकारी उत्पादन गर्न सकिने हुँदा जलबायुमैत्री वातावरण मैत्री कृषि प्रविधि हुने हुँदा भक्त बहादुरले सबैलाई प्याकेज कार्यक्रम निमार्ण गर्न सल्लाह दिन्छन् ।

### *“अव म आमा समुहहरुमा ढुक्कका साथ सहजिकरण गर्न सक्छु ”*



“अब म महिला समुहहरुमा महिला अधिकार,संघिय संरचना,स्थानिय सरकार र जनप्रतिनिधिहरुको भूमिका र जिम्मेवारीको बारेमा सिकाउन सक्छु जो कुरा मैले सुशासन पाठशाला बाट सिकेको छु” यो कथन जोरायल गाँउपालिका वार्ड नं.३ कि स्वाथ्यकर्मी दिलमाया मल्ल को हो ।

उनी महिला समुह र समुदायमा जनचेतना बृद्धि गर्न स्वाथ्यकर्मीको रुपमा कार्यरत छिन र पनी उनीसंग वर्तमान कानूनी अधिकार र सरकारको संरचनाको सम्बन्धमा ज्ञान र जानकारीको अभाव रहेको थियो । उनी भन्छिन जहाँ सम्म महिला समुहहरुमा स्वाथ्य समस्याहरुमा छलफल गरिरहेको छु भने अब आमा समुहका आमाहरुले मलाई सरकारका नियम र कानूनहरुको बारेमा सहजै बुझाउन र सम्झाउन सजिलो भएको छ ।

उनी फेरी भन्छीन “जब मैले दुर्गादेवी समुहको सुशासन पाठशालामा नियमित रुपमा सहभागी हुने अवसर प्राप्तले उक्त विषयहरुमा सुचित र जानकारी हाँसील गर्न पाएको छु । त्यसैले मलाई अब महिला अधिकार,सरकारको संरचना,स्थानिय जनप्रतिनिधिहरुको भुमिका र जिम्मेवारीको पुर्ण रुपमा बुझेको ले म आमा समुहमा निर्धक्कका साथ छलफल र उक्त विषयहरुमा सजिलै छलफल गर्न सक्छु ।

दिलमाया निरन्तर स्वास्थ्य सेवा प्रदान गर्नका साथै आमा समुहमा थप सुशासन नीति र कानूनहरुका विषयमा समेत चेतना अभिवृद्धि गर्ने कार्यमा सक्रिय छन ।

### *“सुशासन पाठशाला कक्षाले मेरो साहस बढायो”*



४४ बर्षिय पम्फा थापा जोरायल गाँउपालिका वार्ड नं.४ बस्ने जनजाती समुदायका हुन । पम्फा थापाको पारिवारिक स्थिती धेरै कमजोर भएपनी उनी स्थानिय चुनाब वाट महिला सदस्यका रुपमा चुनिएकी हुन र अधिले उनी पालिका परिषद सदस्य छिन ।

स्थानिय सरकारमा गएपछी उनले सामाजिक परिवर्तनको लागी काम गर्ने सोच राखीन तर आफनो शैक्षिक स्थिती कमजोर भएका कारण  स्थानिय सरकारको काम र प्रशासनिक कार्यहरुका सम्बन्धमा सजिलै बुझ्न नसकिने महशुष गर्दछीन । पालिकाले पनी महिला सदस्यहरुको अभिवृद्धिमा खासै ध्यान नदिएको बताउदै उनले अझै भनिन् “म परिषदको सदस्य भए पनी मलाई वर्तमान नीति नियम र कानूनका सम्बन्धमा केही जानकारी छैन त्यसैले पनी सुशासन पाठशालाको सदस्यको रुपमा सहभागी भएको हुँ ”।

जोरायल गाँउपालिकाको वडा नं.४ मा स्थापित केदार आमा समूहको सदस्य भइसकेका पम्फा सुशासन पाठशालामा नियमित सहभागी भई विभिन्न विषयमा छलफल भएको र जानकारी प्राप्त भई अब सरकारको संरचना,स्थानिय सरकारको काम,जनप्रतिनिधिहरुको भुमिका र जिम्मेवारीको समेत ज्ञान भएको छ जस्ले गर्दा उनी भन्छिन,म आफै लाई विश्वास थिएन कुनै कुराहरु सबै सामु सजिलै व्यक्त गर्न सकुला,खुलेर छलफल गर्न सक्ला,अरु लाई पनी केही कुराहरु सम्झाँउन सकुला भन्ने

असम्भव जस्तो लागदथ्यो तर सुशासन पाठशालाको छैठौ कक्षा सम्म निरन्तर सहभागी भए पश्चात मेरो साहस बढेको छ र मलाई महशुष भएको छ की म केही गर्न सक्दछु ।

ईडीसीले अझै पनि यस्ता कक्षाहरु सञ्चालन गर्नुपर्ने हुन्छ र म आगामी दिनहरुमा परिषदको बैठकहरुमा सक्रिय भुमिका खेल्ने प्रतिवद्धता व्यक्त गर्दछिन ।

पम्फाका बृद्ध श्रीमान् तीन छोरी र एक छोरा गरि छ जनाको परिवार रहेको छ । पालिका वाट पाउने सेवा सुविधा,पतिको दैनिक ज्याला र खेतीपातीको भरमा परिवारको जिवन निर्वाह गरिरहेका छन ।

## आर्थिक वर्ष २०७६/२०७७ संचालन भए गरेका गतिविधिको फोटो झलक





















SHOT ON REDMI 7
AI DUAL CAMERA











































के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा

कृषक समूह दर्ता प्रमाण-पत्र

मिति :






अ
अनार




परिवर्तन परियोजना



## कोभिढ १९ प्रतिकार्य तथा मानविय सहायता कार्यक्रम : २०७७






















SHOT ON REDMI 7
AI DUAL CAMERA

# अनुसूचि : १

कोभिढ –१९ प्रतिकार्य तथा मानविय सहायता सम्बन्धि कार्यहरु

| क.स. | कार्यक्रमको नाम | सामग्रीको विबरण | कार्यक्षेत्र | लाभान्वित संस्था,निकाय | लाभान्वित घरधुरी | | | जम्मा | सहयोग |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गर्वपति महिला | सुत्केरी आमा | दलित | | |
| १ | कोभिढ १९ रेस्पोन्स कार्यक्रम | गर्भवति तथा सुत्केरी महिलाहरुको लागि राहतको प्याकेज सहयोग सामाग्री | दि.सि.न.पा.४,५,७<br>शिखर न.पा. १,२,३,४<br>के.आई.सिं.गा.पा. ४,६,७ | कार्यक्रम अर्न्तगतका लक्षित समुदायहरु | ७६ | २२८ | १८५ | ३०४ | एक्सन एड नेपाल |
| २. | साकार परियोजना | PPE : 20 set,<br>Surgical mask :9000,<br>Examination gloves: 30 Box,<br>Sanitizer: 300. Li.,<br>Dettol shop : 9000,<br>N95 mask :100,<br>Infrared gun: 20 pic. | पुर्वीचौकी र के.आई.सिंह. गाउपालिका | ११ वटा स्वास्थ्य संस्था | | | | | डिसिए नेपाल |
| ३. | **कोरना भाईरस (कोभिढ१९) विरुद्ध DANIDA frame & DERF Project** | **health Items for Health Facilities :**<br>PPE sets/Goun 87set<br>Gloves 77 Packets<br>Protective Goggles 45 Pics<br>Shoos cover 71 Pairs<br>Bouffant Cap 89 Pics<br>Antiseptic Soap 10640 Pics<br>Disposal Bag 1000 Pics<br>Surgical Mask 13475 pics<br>Thermal Gun 34 Pics<br>Gum-Boot 45 Pairs<br>N95 - Mask 330 Pics<br>Hand sanitizer 193 Litr | दिपायल सिलगढी नगरपालिका<br>शिखर नगरपालिका,<br>जोरायल,पुर्वीचौकी,<br>के.आई. सिं.गाँउपालिका<br>जिल्ला | २३ वटा स्वाथ्य संस्था | | | | | डिसिए नेपाल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| ३.१ | **कोरना भाईरस (कोभिढ१९) विरुद्ध DANIDA frame & DERF Project** | **Food and Hygiene Items for Community :**<br>Full Package<br>1. Rice 30 kg<br>2. Dal 3 kg<br>3. Salt 2 Kg<br>4. Oil 2 Ltr<br>5. Sugar 2 Kg<br>6. Tea 200 grm<br>1. Hand sanitizer 500ml<br>2. Anticipative soap 75grm - 4 pic<br>3. Wash Soap 4 - pic<br>4. Digital Thermo meter Pic - 1<br>5. Normal Mask Pic - 6<br>6. Sanitary Pad Packet - 2<br>7. Tooth brush Pic - 5<br>8. Tooth pest 200 grm - 2 pics | दिपायल सिलगढी नगरपालिका वडा नं.१,२,५,६,७,९ के.आई.सिं.गाँउपालिका वडा नं.४ | कोरना भाइरस र लकडाउन वाट प्रभावित दैनिक रुपमा ज्यालादारी काम गरि खाने व्यक्ति दलित, महिला,जनजाती | | | | १८० घरधुरीका ८६४ परिवार | डिसिए नेपाल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | Half Package<br>1. Rice 15 kg<br>2. Dal 1.5 kg<br>3. Salt 1 Kg<br>4. Oil 1 Ltr<br>5. Sugar 1 Kg<br>6. Tea 100 grm | | | | | | | |
| ४. | कोरना भाइरस( कोभिढ १९)विरुद्ध पालिकाहरु संग सहकार्य | सावुन र मास्क सहयोग | जिल्ला भित्रका पालिकाहरु | | | | | २३०१५ जना | |

**COVID-19 Response Programme**

गर्भवति तथा सुत्केरी महिलाहरुको लागि निम्न अनुसार राहत प्याकेज सामागीहरु वितरण विवरण ।

| सामाग्री विवरण | ईकाई | परिमाण | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|
| **गर्भवति तथा सुत्केरी महिलाहरुको लागि** | | | | |
| गेडागुडि | के.जि. | ६०८ | ३०४ | |
| ज्वानो | के.जि. | ११४ | २२८ | |
| सर्वोत्तम पिठो | प्याकेट | २२८ | २२८ | |
| **कोभिड सुरक्षा सामाग्री** | | | | |
| मास्क | थान | १५२० | ३०४ | |
| डिटोल साबुन | वटा | ९१२ | ३०४ | |
| सिटामोल | स्ट्रीप | ३०४ | ३०४ | |
| थर्मोमिटर | थान | ३०४ | ३०४ | |
| टुथपेस्ट | थान | ३०४ | ३०४ | |
| सेनेटरी प्याड | थान | ४५६ | २२८ | |

